मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## घुस लिएको अभियोगमा मुद्दा दायर


**\काठमाडौँ।** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वैदेशिक रोजगार विभागका नायबसुब्बा हेमबहादुर मस्राङ्गीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। सेवाग्राहीसँग वैदेशिक रोजगार ठगीसम्बन्धी मुद्दा प्रक्रियामा सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग १५ हजार रुपैयाँ घुस मागेको अभियोग लागेको छ । आरोपी नायबसुब्बालाई आयोगले घुस रकमसहित केही दिन पहिले पक्राउ गरेको थियो।

आयोगका प्रवक्ता सुरेश न्यौपानेले आरोपी नायबसुब्बा मस्राङ्गीविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५८ बमोजिम कैद सजाय र जरिवानाको माग गर्दै मुद्दा दायर गरिएको छ।

● वर्ष ४ ● अंक १७० ● २०८३ साल वैशाख २६ गते शनिबार ● Saturday 09, May 2026 ● सूर्योदय: बिहान ०५:२३ बजे ● सूर्यास्त: साँझ ०६:४१ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# महेन्द्रनगरका सुकुम्बासी आन्दोलित, सिरहामा व्यापारी




राष्ट्रिय स्वतन्त्र पार्टी
Rastriya Swatantra Party
सिरहा जिल्ला कार्यसमिति

विषय:- ध्यानाकर्षण पत्र ।

हरि प्रसाद मैनाली
जिल्ला सभापति

**मधेशदृष्टि**
**धनुषा।**
महेन्द्रनगर क्षेत्रमा सुकुम्वासी आन्दोलन चर्किएको छ । वितेको केही दिनदेखि आन्दोलित सुकुम्बासीहरूले शुक्रबार चक्काजाम गर्दै विरोध प्रदर्शन गरेका छन् । क्षिरेश्वरनाथ नगरपालिकाले सार्वजनिक जग्गा अतिक्रमण गरी बसोबास गर्दै आएका घरधुरीलाई जग्गा खाली गर्न भन्दै सूचना प्रकाशन गरेपछि स्थानीय सुकुम्बासीहरू आन्दोलनमा उत्रिएका हुन्।

नगरपालिकाले सार्वजनिक सूचना जारी गर्दै सार्वजनिक तथा सरकारी स्वामित्वको जग्गा अतिक्रमण गरी निर्माण गरिएका टहरा तथा घरहरू हटाउन आग्रह गरेको थियो । सूचनापछि आफूहरूलाई वैकल्पिक व्यवस्था नगरी हटाउन खोजिएको भन्दै सुकुम्बासीहरूले सडक आन्दोलन थालेका हुन् । चक्काजामका कारण महेन्द्रनगर क्षेत्रको यातायात सेवा प्रभावित भएको छ भने यात्रुहरूलाई समेत सास्ती भएको स्थानीयले बताएका छन् । यसैबीच रौतहटको फतुवा विजयपुर नगरपालिका क्षेत्रमा पनि भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बासिन्दा आन्दोलित बनेका छन्। पालिकाका प्रायः सबै वडाबाट सैयौँको संख्यामा गएका महिला–पुरूष भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बासिन्दाहरुले हात हातमा प्लेकार्ड, तुल ब्यानरसहित बालेन सरकारबिरुद्ध बिभिन्न नारा लगाउँदै सरकारको डोजर आतंकको बिरोध गरेका छन्। तीन दशकदेखि बसोबास गर्दै आएका गरीब, बिपन्न, सुकुम्बासीलाई कुनै पनि बहानामा हटाउन नपाइने, आफूहरुले दिएको मतको कदर नगरे बालेनको पनि ओलीको जस्तै हबिगत हुने चेतावनी उनीहरुले दिएका छन् । भूमिहीन तथा सुकुम्वासीहरुले नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई सम्बोधन गर्दै दिएको ज्ञापनपत्रमा वडा नं. १ देखि ११ सम्मका एलानी तथा सार्वजनिक जग्गामा दशकौंदेखि बसोबास गर्दै आएका नागरिकलाई व्यवस्थापन नगरी डोजर चलाउने कार्य संविधान विपरीत भएको उल्लेख गरिएको छ।

**सिरहामा व्यापारी आन्दोलित**
सिरहाको बरियारपट्टीमा रहेको छोटी भन्सार कार्यालय फिर्ताको माग गर्दै स्थानीयवासी तथा व्यापारीहरू पुनः आन्दोलनमा उत्रिएका छन् । नेपाल सरकारले २०८३ वैशाख २१ गते राजपत्रमा सूचना प्रकाशित गर्दै बरियारपट्टी छोटी भन्सार कार्यालय बन्द गर्ने निर्णय गरेपछि स्थानीयस्तरमा विरोध चर्किएको हो । स्थानीयवासीले उक्त निर्णयले सीमावर्ती क्षेत्रको व्यापार, राजस्व संकलन तथा स्थानीय आर्थिक गतिविधिमा प्रत्यक्ष असर पर्ने भन्दै आन्दोलन थालेका हुन् । आन्दोलनकारीहरूले बिहीबार बिहान करिब पाँच घण्टा हुलाकी मार्ग अवरुद्ध गर्दै दिउँसो करिब २ बजे जिल्ला प्रशासन कार्यालय सिरहामा ज्ञापनपत्र बुझाएर पुनः चरणबद्ध आन्दोलन गर्ने घोषणा पनि गरेका थिए । सोही कार्यक्रमअन्तर्गत शुक्रबार पनि उनीहरूले सडक जाम तथा बजार बन्द गरेर आन्दोलन जारि राखेका बरियारपट्टी गाउँपालिका–३ का वडाध्यक्ष विनोद कुमार यादवले जानकारी दिए।

**आन्दोलनमा नजान रास्वपाको निर्देशन**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सिरहाले बरियारपट्टी गाउँपालिकास्थित छोटी भन्सार कार्यालय हटाउने सरकारी निर्णयप्रति गम्भीर ध्यानाकर्षण जनाएको छ।

रास्वपा सिरहाका जिल्ला सभापति हरिप्रसाद मैनालीले जारी गरेको ध्यानाकर्षणपत्रमा छोटी भन्सार कार्यालयलाई हटाउनुको सट्टा आधुनिक सेवा–सुविधासहित स्तरोन्नति गरेर सञ्चालन गर्न सरकारसँग माग गरिएको छ।

पत्रमार्फत सिरहाबाट निर्वाचित प्रतिनिधिसभा सदस्यहरू बलराम गुप्ता, शिवशंकर यादव, डा. शम्भुकुमार यादव, तपेश्वर यादव, डा. ललिताकुमारी शाह तथा पुरुषोत्तम यादवलाई जनहित र राज्यको आवश्यकताअनुसार पहल गर्न आग्रह गरिएको छ।

यस्तै, रास्वपाले आफ्ना नेता–कार्यकर्ता र पदाधिकारीलाई सरकारी निर्णयविरुद्ध सडक आन्दोलन, प्रदर्शन वा विरोधका कार्यक्रम नगर्न निर्देशन दिएको पनि जनाएको छ।

सरकारले बरियारपट्टी छोटी भन्सार कार्यालय हटाउने निर्णय गरेपछि स्थानीय बासिन्दा तथा व्यापारीहरूले निरन्तर विरोध जनाउँदै आएका छन्।

उनीहरूले भन्सार कार्यालय हटाइए सीमावर्ती क्षेत्रको व्यापार, राजस्व संकलन तथा स्थानीय आर्थिक गतिविधिमा असर पर्ने चिन्ता व्यक्त गरेका छन्।

## सुकुम्बासी बस्ती नहटाउन आग्रह



सर्वोच्च अदालतले सरकारका नाममा सुकुम्वासी बस्ती नहटाउन अन्तरिम आदेश दिएको छ। गोपाल रन पहेलीसमेतले दायर गरेको रिट न्यायाधीशद्वय कुमार रेग्मी र नित्यानन्दा पाण्डेको इजलासले यस्तो आदेश गरेको हो । विस्थापितहरुको हकमा आवासदेखि शिक्षा, स्वास्थ्य र खाद्यान्न उपल्बध गराउन भनेको छ।

भूमिहीन र अव्यवस्थित बसोबासीको डिजिटल लगत सङ्कलन गर्दै सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नेतृत्वमा काठमाडौँ उपत्यकाका विकास प्राधिकरणले भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीको एकीकृत डिजिटल लगत सङ्कलन हुने भएको छ।

प्रधानमन्त्री वालेन्द्र शाहकी प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालका अनुसार डिजिटल लगत सङ्कलनको तयारी अन्तिम चरणमा पुगेको छ। उनका अनुसार पहिलो चरणमा हाल काठमाडौँका होल्डिङ सेन्टरमा रहेका एवं बाहिर रहेकाहरूको र त्यसपछि क्रमशः अन्य जिल्लामा एकीकृत डिजिटल लगत सङ्कलन गरिनेछ।

सरकारले होल्डिङ सेन्टरमा नबस्ने व्यक्तिहरूका लागि सरकारले सार्वजनिक सूचना जारी गरी तोकिएको समयभित्र आवश्यक कागजातसहित लगत सङ्कलन केन्द्रमा उपस्थित हुन आग्रह गर्नेछ।

लगत सङ्कलनका लागि तीन प्रकारका आवेदक वर्गीकरण गरिएको छ । राष्ट्रिय परिचयपत्र भएका, नागरिकता मात्रै भएका तथा कुनै पनि परिचयपत्र नभएका व्यक्तिहरूलाई छुट्टाछुट्टै श्रेणीमा राखेर विवरण सङ्कलन गरिनेछ । परिचयपत्र नभएकाहरूका लागि होल्डिङ सेन्टरमै संयुक्त डेस्कमार्फत राष्ट्रिय परिचयपत्र बनाउने व्यवस्था मिलाइने तयारी छ।

डिजिटल प्रणालीमा प्रत्येक व्यक्तिको व्यक्तिगत तथा पारिवारिक विवरण, सामाजिक–आर्थिक अवस्था, आयस्रोत, पेसा, शैक्षिक योग्यता, स्वास्थ्य अवस्था, सीप तथा भूमिसम्बन्धी विवरण समावेश गरिनेछ । बायोमेट्रिक र फोटोसहितको डेटा सङ्कलन गरी अन्य सरकारी प्रणालीसँग क्रस–जाँच समेत गरिनेछ।

डिजिटल लगत सङ्कलनमा सहभागी प्रत्येक परिवारलाई डिजिटल परिचयपत्र उपलब्ध गराइनेछ । बैंक खाता नभएकाहरूको खाता खोल्ने व्यवस्थासमेत गरिने र सरकारले उपलब्ध गराउने राहत, अनुदान तथा पुनःस्थापना सहायता सोही बैंक खातामार्फत वितरण गरिनेछ।

सरकारले यो प्रणालीलाई पुनःस्थापना, रोजगारी, उद्यमशीलता तथा सामाजिक सुरक्षा योजनासँग जोड्ने योजना बनाएको छ। यसरी सङ्कलन हुने परिवारका सदस्यहरूको सीप, स्वास्थ्य अवस्था, दीर्घरोग, गर्भावस्था तथा आयआर्जनसम्बन्धी विवरणका आधारमा आवश्यक सरकारी योजना कार्यान्वयन गर्न सहज हुनेछ।

सकारको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीको बुँदा नम्बर ९१ मा देशभरका भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको एकीकृत डिजिटल लगत सङ्कलन तथा प्रमाणीकरण गर्ने उल्लेख छ । प्रधानमन्त्री शाहले यसबारे सार्वजनिक रूपै जानकारी गराइसकेका छन्।

## सामुदायिक विद्यालयमा शुल्क नलिन उपमहानगरको निर्देशन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिकाले सामुदायिक विद्यालयहरूलाई विद्यार्थी भर्ना तथा अध्ययन–अध्यापनका नाममा कुनै पनि शुल्क नलिन स्पष्ट निर्देशन दिएको छ। उपमहानगरपालिकाको शिक्षा, युवा तथा खेलकुद विकास शाखाले शैक्षिक सत्र २०८३ सुरु भएसँगै जारी गरेको सूचनामा अनिवार्य तथा निःशुल्क शिक्षा ऐन–२०७५ तथा नियमावली–२०७७ को व्यवस्था पूर्ण रूपमा लागू गर्न आग्रह गरिएको हो।

शाखा प्रमुख अन्जु पाण्डेयद्वारा हस्ताक्षरित पत्रमा विद्यालयहरूले विद्यार्थी वा अभिभावकसँग प्रत्यक्ष अथवा अप्रत्यक्ष रूपमा कुनै प्रकारको शुल्क उठाउन नपाइने उल्लेख गरिएको छ।

यद्यपि, कसैले स्वेच्छिक रूपमा आर्थिक सहयोग गर्न चाहेमा विद्यालयको आधिकारिक बैंक खातामार्फत मात्रै सहयोग लिनुपर्ने व्यवस्था गरिएको छ । साथै, प्राप्त सहयोगको स्पष्ट अभिलेख राख्न, सहयोगदाताको विवरण सार्वजनिक गर्न तथा सम्बन्धित वडा कार्यालय र उपमहानगरपालिकालाई जानकारी गराउन पनि विद्यालय प्रशासनलाई निर्देशन दिइएको छ।

उपमहानगरपालिकाले सामुदायिक विद्यालयमा निःशुल्क शिक्षाको अधिकार प्रभावकारी रूपमा कार्यान्वयन गर्न र अभिभावकमाथि अतिरिक्त आर्थिक भार पर्न नदिन यस्तो कदम चालिएको जनाएको छ।

## जनकपुरमा २४ हजार स्मार्ट लाइसेन्स आइपुग्यो

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधामस्थित यातायात व्यवस्था कार्यालयमा करिब २४ हजार स्मार्ट सवारी चालक अनुमति पत्र (लाइसेन्स) आइपुगेको छ । कार्यालयले शुक्रबार सूचना जारी गर्दै नयाँ, थप श्रेणी तथा नवीकरण गरिएका लाइसेन्स छपाइ भएर प्राप्त भइसकेको जनाएको हो।

कार्यालयका अनुसार सेवाग्राहीले लाइसेन्स लिन आउनुअघि कार्यालयको आधिकारिक फेसबुक पेजमा प्रकाशित नाम सूचीमा आफ्नो नाम सुनिश्चित गर्नुपर्नेछ । भीड व्यवस्थापन र सेवा प्रवाहलाई सहज बनाउन यस्तो व्यवस्था गरिएको कार्यालयले जनाएको छ । लाइसेन्स वितरण बिहान ९:३० बजेदेखि बेलुका ३ बजेसम्म मात्रै गरिने सूचनामा उल्लेख छ ।लाइसेन्स लिन आउने सेवाग्राहीले पुरानो सक्कल लाइसेन्स वा सक्कल रसिद अनिवार्य रूपमा साथमा ल्याउनुपर्नेछ। यदि पुरानो लाइसेन्स वा रसिद हराएको भए सम्बन्धित ट्राफिक कार्यालयको सिफारिस पत्र पेश गर्नुपर्ने व्यवस्था गरिएको छ।

आवश्यक कागजात बिना सेवा उपलब्ध गराउन नसकिने भन्दै कार्यालयले निर्धारित प्रक्रिया पालना गर्न सेवाग्राहीलाई अनुरोध गरेको छ।

## कानून दिवसमा ‘न्यायिक महोत्सव’ हुँदै



मधेशदृष्टि
जनकपुरधाम।
उच्च अदालत जनकपुरले कानून दिवसको अवसरमा वैशाख २६ गते ‘न्यायिक महोत्सव’ आयोजना गर्ने भएको छ। कानून, न्याय र न्यायिक प्रक्रियाबारे सर्वसाधारणमा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न कार्यक्रमसहित महोत्सव आयोजना गर्न लागिएको अदालतले जनाएको छ।

उच्च अदालत जनकपुरका कायम मुकाय मुख्यन्यायाधीश टेकनारायण कुँवरका अनुसार महोत्सवमार्फत अदालतको न्याय सम्पादन प्रक्रिया, प्रहरी अनुसन्धानको कार्यविधि तथा सरकारी वकिल कार्यालयले मुद्दा कसरी अगाडि बढाउँछ भन्ने विषयमा नागरिकलाई जानकारी गराइनेछ।

महोत्सवअन्तर्गत बिहान ७ बजे अदालत परिसरबाट प्रभातफेरी कार्यक्रम निकालिनेछ। त्यसपछि औपचारिक कार्यक्रम आयोजना गरिने अदालतले जनाएको छ।

कार्यक्रममा न्यायाधीश र कानून अध्ययनरत विद्यार्थीबीच अन्तरक्रिया, स्थानीय न्यायिक समिति, अदालत तथा बार–बेन्चबीच छलफल र अनुभव आदानप्रदानका कार्यक्रम पनि समावेश गरिएका छन्।

महोत्सवमा सरोकारवाला निकाय, कानून व्यवसायी, विद्यार्थी तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहने अपेक्षा गरिएको अदालतले जनाएको छ।

## १३ उम्मेदवारले बुझाएनन् निर्वाचन खर्च विवरण

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषामा सम्पन्न प्रतिनिधिसभा निर्वाचनपछि उम्मेदवारहरूले बुझाउनुपर्ने खर्च विवरणमध्ये १३ जनाले हालसम्म विवरण पेश नगरेको पाइएको छ।

फागुन २१ गते सम्पन्न निर्वाचनमा जिल्लाका चार निर्वाचन क्षेत्रबाट कुल १ सय ५७ जना उम्मेदवार मैदानमा रहेकामा १ सय ४५ जनाले मात्रै निर्वाचन खर्च विवरण बुझाएका हुन्। यद्यपि, अन्तिम समयमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार किशोरी साह कमलको उम्मेदवारी खारेज गरिएकाले आयोगको अभिलेखमा उम्मेदवार संख्या १ सय ५८ पुगेको थियो। जिल्ला निर्वाचन कार्यालय धनुषाका सूचना अधिकारी कृष्णा राउतका अनुसार उम्मेदवारी खारेज हुनुअघि भएको खर्चको विवरण भने किशोरी साह कमलले कार्यालयमा बुझाएका छन्।

खर्च विवरण पेश गर्ने उम्मेदवारमध्ये १ सय ३४ जनाले आफ्नो आम्दानी तथा खर्च विवरण सार्वजनिकसमेत गरेका छन् । निर्वाचन आयोगले यसपटक उम्मेदवारलाई खर्च विवरण बुझाउनुका साथै त्यसलाई सार्वजनिक गर्न पनि अनिवार्य गरेको थियो । कार्यालयका अनुसार हालसम्म ११ जना उम्मेदवारले खर्च विवरण बुझाए पनि सार्वजनिक गरेको प्रमाण पेश गरेका छैनन् । उम्मेदवारहरूले सामाजिक सञ्जाल, सार्वजनिक स्थल वा स्थानीय तहमार्फत विवरण सार्वजनिक गरी त्यसको प्रमाण कार्यालयमा बुझाउनुपर्ने व्यवस्था रहेको बताइएको छ । निर्वाचन क्षेत्रगत रूपमा हेर्दा धनुषा–१ बाट ३९ जना, धनुषा–२ बाट ३१ जना, धनुषा–३ बाट ४१ जना र धनुषा–४ बाट ३४ जनाले खर्च विवरण बुझाएका छन्।

निर्वाचनको अन्तिम मतपरिणाम घोषणा भएको ३५ दिनभित्र उम्मेदवारले यस्तो विवरण बुझाउनुपर्ने कानुनी व्यवस्था छ।

यस निर्वाचनमा धनुषा–१ बाट मातृका प्रसाद यादव, धनुषा–२ बाट रामविनोद यादव, धनुषा–३ बाट मनिष झा तथा धनुषा–४ बाट राजकिशोर महतो निर्वाचित भएका थिए।



# यातायात व्यवसायी महासंघको महाधिवेशनका लागि मन्त्री लम्सालको शुभकामना



**काठमाडौं।**
भौतिक पूर्वाधारमन्त्री सुनील लम्सालले नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघद्वारा आयोजना हुन लागेको सातौं राष्ट्रिय महाधिवेशनको अवसरमा शुभकामना व्यक्त गरेका छन्।
उनले उक्त महाधिवेशनले समग्र यातायात क्षेत्रको सुधार, नीतिगत स्पष्टता तथा दिगो विकासका लागि ठोस मार्गचित्र निर्माण गर्ने विश्वास व्यक्त गरे । शुभकामना सन्देशमा उनले यातायात क्षेत्र राष्ट्रको आर्थिक, सामाजिक तथा पर्यटन विकाससँग प्रत्यक्ष रूपमा जोडिएको आधारभूत क्षेत्र भएको उल्लेख गरेका छन्। उनले यातायात क्षेत्रको आधुनिकीकरण, व्यवस्थापन सुधार तथा सेवामुखी रूपान्तरणका लागि सरकार र निजी क्षेत्रबीचको सहकार्य अझ सुदृढ हुनुपर्ने आवश्यकता औंल्याए।
महाधिवेशनले यातायात क्षेत्रसँग सम्बन्धित विषयमा गहन छलफल गरी व्यवहारिक तथा प्रभावकारी निष्कर्ष निकाल्ने अपेक्षा समेत मन्त्री लम्सालले व्यक्त गरेका छन्।

# नक्कली पीडितप्रति निर्मम हुन्छौँः मन्त्री रावल



**काठमाडौँ।**
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलले पहिचान र व्यवस्थापनपछि मात्रै देशभरका भूमिहीन, सुकुमबासी र अव्यवस्थित बस्ती हटाइने बताएकी छन्।
सिंहदरबारमा शुक्रबार बसेको प्रतिनिधिसभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकमा मन्त्री रावलले उपत्यकामा बाढीको जोखिमबाट जोगाउनका नागरिकलाई सुरक्षित राख्न तटीय क्षेत्रका बस्ती हटाइएको भन्दै अन्य स्थानमा भने पहिचान र व्यवस्थापनपछि मात्रै काम अघि बढ्ने बताएकी हुन्।
उपत्यकामा नागरिकलाई सुरक्षित राख्न गरिएको कदमलाई देशैभर डोजर आतङ्क भन्दै अतिरञ्जित गर्ने काम भएको उनको भनाइ छ।
मन्त्री रावलले सङ्घीय सरकारको परिपत्रबाट कोही पनि आत्तिनुपर्ने अवस्था नरहेको धारणा राखिन् । वास्तविक पीडितको व्यवस्थापन राज्यले गर्ने भन्दै उनले नक्कली पीडितप्रति भने राज्य निर्मम भएर अघि बढ्ने उनको भनाइ छ।
त्यस्तै मन्त्री रावलले यसअघि बनेका भूमि आयोग राजनीतिक भर्ती केन्द्रजस्तो मात्रै भएकाले अब वास्तविक पीडितहरूको समस्या समाधान गर्ने गरी समिति बनाइने उल्लेख गरिन्।
उनले सहकारीमा देखिएको समस्या समाधानका लागि सरकारले ऋण असुली, बचत फिर्ता र सहकारीहरूको नियमनलाई प्राथमिकतामा राखेको जानकारी दिइन् । मन्त्री रावलले सहकारी समस्या समाधान राज्य कोषको रकमबाट नभई ऋण असुली गरेर नै बचतकर्ताको रकम फिर्ता गरिने स्पष्ट पारिन्।

# लक्ष्मीपुरमा कृषि तथा पोषण मेला



**सिरहा।**
स्थानीय उत्पादन प्रवद्र्धन गर्ने उद्देश्यले यहाँको लक्ष्मीपुरपतारी गाउँपालिकास्थित लक्ष्मीपुरपतारीमा 'कृषि तथा पोषण मेला' आयोजना भएको छ।
राष्ट्रिय कृषक समूह महासङ्घअन्तर्गतको पोषण परियोजनाले बिहीबार स्थानीय पालिकासँगको समन्वयमा मेला आयोजना गरेको हो।
प्रमुख अतिथि मधेश प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री राजकुमार गुप्ताले मेलाको उद्धाटन गर्दै कृषकहरूलाई पोषणयुक्त र अर्गानिक कृषि उत्पादनमा लाग्न अनुरोध गरे।
मेलामा स्थानीय ३१ वटा कृषक समूहका उत्पादन समावेश थिए । मेला स्थानीय कृषि उत्पादनको प्रवद्र्धन गर्ने र समुदायमा पोषणको महत्वबारे जानकारी गराउन आयोजना गरिएको हो।

# 'कृषि अनुसन्धानलाई नवप्रवर्तन र उद्योगसँग जोड्नुपर्छ'

**ललितपुर।**
राष्ट्रिय योजना आयोगका सदस्य डा.देवेन्द्र गौचनले जैविक विविधता, जल, जमिन र जङ्गललाई उपयोग गर्दै कृषि अनुसन्धानलाई नवप्रवर्तन र उद्योगसँग जोड्नुपर्ने बताएका छन्।
नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) को '३५ औँ वार्षिकोत्सव समारोहमा शुक्रबार आयोजित कार्यक्रममा उनले कृषि अनुसन्धानका संरचनाहरूलाई स्थानीय तहसम्म विकास गर्दै किसान, स्थानीय तह, विश्व विद्यालय, निजी तथा सार्वजनिक क्षेत्र र गैरआवासीय नेपालीहरू समेतलाई जोडेर जानुपर्ने बताए।
नेपाली समाजमा सहरीकरण र उपभोगमा आएको परिवर्तनले कृषि उत्पादनको माग बढ्दै गएको बताउँदै उनले राष्ट्रिय कृषि अनुसन्धान प्रणालीमा सार्वजनिक लगानीलाई जोड दिनुपर्ने उल्लेख गरे।
कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डाक्टर राजेन्द्रकुमार मिश्रले नेपाल कृषि अनुसन्धान परिषद्ले ३५ वर्षको समयसम्म नेपालको कृषि क्षेत्रको विकास र अनुसन्धानमा पु¥याएको योगदान महत्त्वपूर्ण भएको बताए। उनले कृषि क्षेत्रको पुनःसंरचना र ऐन संशोधनको काम सरकारले अगाडि बढारहेको जानकारी गराए।
कायममुकायम कार्यकारी निर्देशक डा. श्रीमत श्रेष्ठले कृषि ऐन २०४८ अनुसार स्थापित स्वायत्त संस्था यस परिषद्ले देशको खाद्य सुरक्षाका साथै आत्मनिर्भर बन्न ध्यान दिएर प्रविधि विकासमा अगाडि बढिरहेको जानकारी गराए। समग्र कृषि क्षेत्रको बजेटमध्ये छ प्रतिशत बजेट मात्रै कृषि अनुसन्धानका लागि छुट्याइएको बताउँदै उनले यो बजेट अपर्याप्त भएको बताए।
नेपालमा विसं २०१० सालदेखि नै आधुनिक कृषिको विकास सुरुआत भएको भए पनि २०४८ सालपछि व्यवस्थित कृषि अनुसन्धानको काम भएको उनले बताए।
समारोहमा वैज्ञानिक, प्राविधिक, लेखा र प्रशासन समूहका कर्मचारीहरूलाई दीर्घसेवा पदक प्रदान गरिएको थियो◌ृ। रासस

# खाद्य गुणस्तर सुधार्न र पारदर्शिता बढाउन कृषि मन्त्रीको निर्देशन



**काठमाडौँ।**
कृषि तथा पशुपन्छी विकास र वन तथा वातावरणमन्त्री गीता चौधरीले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको भूमिकालाई अत्यन्त महत्त्वपूर्ण भन्दै विभागलाई सेवा प्रवाहमा सुधार, पारदर्शिता र प्रभावकारिता बढाउन निर्देशन बताएकी छन्।
मन्त्री चौधरीले शुक्रबार विभागको अनुगमनका क्रममा देशका प्रत्येक नागरिकले उपभोग गर्ने खाद्य तथा दाना पदार्थको स्वच्छता र गुणस्तर सुनिश्चित गर्दै मानव स्वास्थ्य संरक्षणमा विभागको भूमिका निर्णायक रहेको बताइन् । साथै खाद्य प्रविधिको विकासमार्फत मूल्य अभिवृद्धि, पोषण सुधार तथा निर्यात प्रवद्र्धनमा पनि विभागको अहम् योगदान रहेको उनले उल्लेख गरिन्।
मन्त्री चौधरीले खाद्यवस्तुको विविधिकरण, खाद्य योगशील तथा प्रशोधन सहयोगीको प्रयोग, सीमित मापदण्ड, प्रयोगशाला सेवाको दायरा र स्रोत साधनको कमीका कारण नियमन कार्य चुनौतीपूर्ण बन्दै गएको बताइन्। तर नियमित बजार अनुगमन, गुणस्तर परीक्षण, मोबाइल भ्यान सञ्चालन, खाद्य प्रविधि विकास तथा नियम उल्लङ्घन गर्नेविरुद्ध कारबाहीजस्ता कार्य प्रशंसनीय रहेको मन्त्री चौधरीले बताइन्।
'गुनासोरहित, छरितो र प्रभावकारी सेवा प्रवाह' गर्न निर्देशन दिँदै मन्त्री चौधरीले कुनै पनि अवस्थामा सेवाग्राहीसँग घुस माग्ने, ढिलासुस्ती गर्ने वा नाकामा बार्गेनिङ गर्ने गतिविधि दोहोरिन नदिन निर्देशन दिइन् । उनले विभागलाई नियमित बजार तथा उत्पादनस्थल अनुगमन, होटलदेखि सडक किनारासम्मका सबै खाद्य व्यवसायको निगरानी, खाद्य अनुमति तथा आयात प्रक्रियालाई छरितो बनाउने कार्यलाई प्राथमिकतामा राख्न निर्देशन दिइन् । यसका साथै, प्रयोगशाला सेवाको दायरा विस्तार र एक्रेडिटेसन बनाउन, विषादी, हेभी मेटल, माइकोटक्सिन तथा पानीको गुणस्तर परीक्षण विस्तार गर्न उनले सुझाव दिइन्।
त्यस्तै, भेटेरिनरी ड्रग रेसिड्यु र एन्टिअक्सिडेन्ट परीक्षण सुरु गर्ने, आहारपूरक खाद्य पदार्थको नियमन, घरदैलोमै पुगेर उद्योगीलाई परामर्श सेवा, ट्रान्स फ्याट नियन्त्रण र लेबलिङ, प्याकेजिङ र म्यादसम्बन्धी अध्ययन तथा निगरानी गर्न पनि मन्त्री चौधरीको निर्देशन थियो । रासस

# महिला संघको अध्यक्षमा खरेल नियुक्त



**काठमाडौँ।**
नेपाली कांग्रेसले महिला संघको अध्यक्षमा चितवनकी मीनाकुमारी खरेललाई नियुक्त गरेको छ। पार्टी विधानको व्यवस्था बमोजिम म्याद समाप्त भई स्वतः विघटन भएको संघलाई पुनर्गठन गर्दै पार्टी सभापति गगनकुमार थापाले खरेललाई सो जिम्मेवारी सुम्पिएको कार्यवाहक मुख्यसचिव कृष्ण प्रसाद दुलालले शुक्रबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ। नवनियुक्त अध्यक्ष खरेललाई आगामी फागुन १५ गतेभित्र संघको केन्द्रीय महाधिवेशन सम्पन्न गर्ने मुख्य कार्यादेश दिइएको छ। त्यसका लागि जेठ १५ गतेभित्र समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी केन्द्रीय कार्यसमितिलाई पूर्णता दिन र साउन मसान्तभित्र तल्लो तहका सबै समितिहरू पुनर्गठन गरी अधिवेशन आयोजक समिति बनाउन निर्देशन दिइएको छ। साथै, साउन १ गतेभित्रै महाधिवेशनको विस्तृत कार्यतालिका पार्टी समक्ष पेस गर्नुपर्ने सर्त कार्यादेशमा उल्लेख छ।

# बल्खुस्थित पार्टीकै जग्गामा कार्यालय बनाउन एमालेभित्र आवाज



काठमाडौँ।
नेकपा (एमाले) को केन्द्रीय कार्यालय कुनै व्यापारी वा व्यक्तिको सहयोगमा नभई पार्टीकै स्वामित्वमा रहेको बल्खुस्थित जग्गामा निर्माण गर्नुपर्ने माग उठेको छ।
एमालेका कार्यकर्ता र शुभेच्छुकहरूको एक समूहले एमाले पुनर्जागरण अभियानले प्रेस विज्ञप्ति जारी गर्दै यस्तो आवाज उठाएको हो। शुक्रबार जारी विज्ञप्तिमा बल्खुस्थित जग्गा पार्टीको ऐतिहासिक, भावनात्मक र संगठनात्मक विरासतसँग जोडिएको स्थल भएको उल्लेख गर्दै आफ्नै पर्याप्त जग्गा हुँदाहुँदै अन्य निजी वा सार्वजनिक सम्पत्तिमा कार्यालय सञ्चालन गर्नु अनुपयुक्त हुने जिकिर गरिएको छ। व्यापारी वा व्यक्तिको सहयोगमा कार्यालय बनाउँदा पार्टीको आत्मनिर्भरता, संस्थागत गरिमा र सार्वजनिक छविमा नकारात्मक प्रभाव पर्ने भन्दै अभियानले नेतृत्वको ध्यानाकर्षण गराएको छ।
कार्यालय निर्माणका लागि २०७९ असार २४ देखि सञ्चालित 'आत्मनिर्भरताका लागि ५००० बाट ५००० राष्ट्रिय अभियान' मार्फत आर्थिक सहयोग जुटिरहेको स्मरण गराउँदै विज्ञप्तिमा उक्त रकमको सदुपयोग गर्न जोड दिइएको छ।
बाह्य निर्भरता त्यागेर आफ्नै सदस्यहरूको योगदान र श्रमदानबाट कार्यालय बनाउनु नै एमालेको स्वाभिमान अनुकूल हुने अभियानको ठहर छ। नयाँ पुस्तालाई गौरवमय इतिहाससँग जोड्न र जनतामाझ पार्टीको आधार मजबुत बनाउन बल्खु नै उपयुक्त विकल्प भएको भन्दै कार्यकर्ता, शुभचिन्तक र आम सर्वसाधारणलाई श्रमदानका लागि समेत आह्वान गरिएको छ।

# कूटनीतिक संवादमार्फत सीमा समस्या समाधान गर्न प्रतिबद्ध छौँः परराष्ट्र मन्त्रालय

**काठमाडौँ।**
नेपाल सरकारले लिपुलेक, लिम्पियाधुरा र कालापानी नेपालको अभिन्न भूभाग भएको तथ्यमा आफ्नो अडान पुनः स्पष्ट पारेको छ । सन् १८१६ को सुगौली सन्धिअनुसार महाकाली नदीपूर्वका यी क्षेत्रहरू नेपालकै रहेको विषयमा सरकार अडिग रहेको परराष्ट्र मन्त्रालयले जनाएको हो। मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीका अनुसार नेपाली भूमि लिपुलेक हुँदै भारत र चीनबिच सञ्चालन गर्ने भनिएको कैलाश मानसरोवर यात्राका सम्बन्धमा सरकारले आफ्नो गम्भीर सरोकार दुवै छिमेकी मुलुकलाई कूटनीतिक माध्यमबाट अवगत गराइसकेको छ।
यसअघि पनि उक्त क्षेत्रमा सडक निर्माण नगर्न भारत सरकारलाई आग्रह गरिएको स्मरण गराउँदै मन्त्रालयले ऐतिहासिक सन्धि, नक्सा र प्रमाणका आधारमा सीमा समस्याको समाधान कूटनीतिक संवादमार्फत गर्न नेपाल प्रतिबद्ध रहेको उल्लेख गरेको छ।
यसैबिच दक्षिण पूर्वी एसियाका विभिन्न मुलुकमा सञ्चालित अनलाइन स्क्यामिङ सेन्टरहरूमा



ठगीमा परेका ६ सय १६ जना नेपाली नागरिकको उद्धार गरिएको प्रवक्ता क्षेत्रीले जानकारी दिएका छन्।
थाइल्याण्ड र म्यानमारस्थित नेपाली दूतावासहरूको समन्वयमा कम्बोडियाबाट ४ सय ९१, म्यानमारबाट १ सय ११, लाओसबाट ८ र थाइल्याण्डबाट ६ जनाको उद्धार गरी नेपाल फर्काइएको छ।
मन्त्रालयका अनुसार पछिल्लो तीन वर्षमा २१ हजारभन्दा बढी नेपाली कम्बोडिया पुगेको तथ्याङ्क छ, जसमध्ये धेरैजना ठगी केन्द्रहरूमा परेको हुन सक्ने अनुमान गरिएको छ। हाल म्यानमारको हिरासतमा रहेका १८ जना नेपालीको रिहाइका लागि समेत पहल भइरहेको छ।
राहदानी नभएका नागरिकहरूका लागि निःशुल्क 'ट्राभल डकुमेन्ट' जारी गरी स्वदेश फिर्तीमा सहजीकरण भइरहेको र कम्बोडिया सरकारले १ सय २ जना नेपालीको जरिवाना समेत मिनाहा गरिदिएको छ।
परराष्ट्र मन्त्रालयले राहदानी वितरण प्रक्रियालाई समेत थप चुस्त र सहज बनाएको दाबी गरेको छ। राहदानी विभागमा सेवाग्राही तोकिएको समयमा उपस्थित हुँदा ३० मिनेटभित्रै आवेदन प्रक्रिया सम्पन्न हुने र आवेदन दिएको भोलिपल्टै राहदानी प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ । अत्यावश्यक परेकाहरूको हकमा सोही दिन राहदानी जारी गर्न सकिने र जिल्ला तथा विदेशस्थित नियोगहरूबाट आवेदन दिनेहरूको हकमा ७ देखि १२ दिनभित्र राहदानी उपलब्ध गराइने मन्त्रालयले जनाएको छ । राहदानीलाई सेवाग्राहीको ठेगानामै पुर्याउन हुलाक सेवा विभागसँग कार्यविधि निर्माण भइरहेको छ । यस्तै, विदेशमा रहेका नेपालीका लागि कन्सुलर परामर्श, राहत र क्षतिपूर्तिका लागि आगामी हप्तादेखि छुट्टै 'कन्सुलर सहायता कक्ष' सञ्चालनमा ल्याइने तयारी पूरा भएको छ।

# रेडक्रस दिवसका अवसरमा रक्तदान

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल रेडक्रस सोसाइटी पर्साले शुक्रबार विश्व रेडक्रस दिवस मनाएको छ। रेडक्रसका संस्थापक जाँ हेनरी ड्युनाँको योगदानको स्मरण गर्दै झण्डोत्तोलन, दीप प्रज्वलन तथा तस्बिरमा माल्यार्पण लगायतका कार्यक्रम गरी दिवस मनाइएको हो।
नेपाल रेडक्रस सोसाइटी वीरगंज शाखाका सभापति बृज किशोर पटेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष मधु राणा, कार्यकारिणी सदस्य दिनानाथ रौनियार, मुना खनाल, राजन श्रीवास्तव, लक्ष्मीनारायण राउत, बाबुनन्द चौरसिया, मिना क्षेत्री लगायतको सहभागिता थियो। दिवसकै अवसरमा पर्सा जिल्लास्थित रेडक्रस प्रावि विद्यालय लक्ष्मीपुरमा अध्ययनरत विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरिएको छ।
विद्यार्थीहरूलाई कापी, कलम, पेन्सिल, इलेजर, कटर लगायतका स्टेशनरी सामग्रीसँगै विद्यालय पोशाक समेत वितरण गरिएको नेपाल रेडक्रस पर्सा शाखाका कार्यालय प्रमुख वीर समसेर कुर्मीले जानकारी दिएका छन्।

# स्कारपियोको ठक्करबाट मृत्यु

**धनुषा।**
ढल्केबर–जनकपुर खडकअन्तर्गत धनुषाको लक्ष्मिनिया गाउँपालिका–४ सपहीचोकमा स्कारपियो गाडीको ठक्करबाट स्कुटर चालक महिलाको मृत्यु भएको छ। शुक्रबार ढल्केबरबाट जनकपुरतर्फ जाँदै गरेको बा प्र ०१–०३१ च ९०६३ नम्बरको स्कारपियोले परीक्षण कालमा रहेको विद्युतीय स्कुटरलाई ठक्कर दिएको प्रहरीले जनाएको छ।
दुर्घटनामा स्थानीय ३० वर्षीया पुनम साह गम्भीर घाइते भएका थिए।
उनलाई उपचारको लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएकामा चिकित्सकले बाटोमा साहको मृत्यु भइसकेको बताएका इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रहरी निरीक्षक राजाराम यादवले जानकारी दिए।
मृतकको शव परीक्षणका लागि सोही अस्पतालमा राखिएको प्रहरीले जनाएको छ। इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक यादवका अनुसार प्रहरीले स्कारपियो चालक विराटनगर महानगरपालिका–७ निवासी ५२ वर्षीय नरेश राठीलाई नियन्त्रणमा लिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# सार्वजनिक यातायात सुरक्षित, व्यवस्थित र यात्रुमैत्री बनाउन सहमति

**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा जिल्लामा सार्वजनिक यातायातलाई सुरक्षित, व्यवस्थित र यात्रुमैत्री बनाउन सरोकारवलाहरू एक मत देखिएका छन्। यसका लागि उनीहरूको बैठकले विभिन्न निर्णय गरेका छन्। जिल्ला प्रशासन कार्यालयमा बसेको सरोकारवालाहरूको बैठकले सवारी आवगमन, यात्रु सुरक्षा, बसपार्क व्यवस्थापन तथा सार्वजनिक यातायात सुधार सम्बन्धी निर्णय गरेको हो। बैठकले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको पत्रअनुसार विपद् जोखिमको दृष्टिले संवेदनशील सडक मार्गहरूको पहिचान गरी आवश्यक सुरक्षा व्यवस्थापन गर्ने निर्णय गरेको छ। जोखिमपूर्ण अवस्थामा जिल्ला ट्राफिक प्रहरी कार्यालयले मौसम पूर्वानुमान, पूर्वसूचना तथा सडकको अवस्थाको विश्लेषण गरी आवश्यक परे संवेदनशील सडकमा सवारी आवगमन पूर्ण रूपमा बन्द गराउने निर्णय गरिएको छ।

# ट्राफिक प्रहरीको सवारी चालकलाई जनचेतनामूलक कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको गण्डक चोकमा ट्राफिक प्रहरीले सवारी चालकहरूको लागू पदार्थ सेवन (लापसे) चेकजाँच गर्दै जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्सा र स्थानीय चिकित्सकहरूको सहभागितामा आयोजित कार्यक्रममा चालकहरूको स्वास्थ्य परीक्षणसँगै लागू पदार्थ सेवन सम्बन्धी जाँच गरिएको थियो।
कार्यक्रमको उद्देश्य ट्राफिक नियमको पालना गराउन, लागू पदार्थ सेवन गरेर सवारी चलाउँदा हुने जोखिमबारे सचेतना फैलाउन तथा सडक दुर्घटना न्यूनीकरण गर्नु रहेको आयोजकले जनाएको छ।
कार्यक्रममा पर्सा ट्राफिक प्रमुख युवराज कटवालले चालकहरूलाई सुरक्षित यात्राका उपाय, ट्राफिक नियमको महत्व तथा जिम्मेवार ढंगले सवारी सञ्चालन गर्नुपर्ने विषयमा जानकारी दिएका थिए।

# राजनीतिक कार्यक्रममा बालबालिका प्रयोग नगर्न आग्रह

**मधेशदृष्टि**
**महोत्तरी।**
जिल्ला प्रशासन कार्यालय महोत्तरीले बालबालिकालाई कुनै पनि राजनीतिक गतिविधिमा प्रयोग नगर्न राजनीतिक दल तथा विभिन्न समूहलाई चेतावनी दिएको छ। प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवद्वारा जारी सूचनामा आन्दोलन, बन्द, हड्ताल, चक्काजाम, धर्ना तथा जुलुसजस्ता गतिविधिमा बालबालिकालाई सहभागी नगराउन स्पष्ट आग्रह गरिएको हो।
प्रशासनले पछिल्लो समय विभिन्न दल तथा समूहले आफ्ना राजनीतिक उद्देश्य पूरा गर्न बालबालिकालाई प्रदर्शन तथा आन्दोलनमा प्रयोग गर्न सक्ने सम्भावना देखिएकाले यसप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।
सूचनामा बालबालिका सम्बन्धी ऐन, २०७५ अनुसार बालबालिकालाई कुनै पनि प्रकारका राजनीतिक प्रयोजनका लागि प्रयोग गर्नु कानूनीवपरीत हुने उल्लेख गरिएको छ। प्रशासनले बालबालिकाको कोमल मनोविज्ञान र भविष्यसँग खेलबाड नगर्न सबै पक्षलाई सचेत गराउँदै, यस्तो कार्य तत्काल रोक्न आग्रह गरेको छ।

# गौतम माविद्वारा भ्रमपूर्ण सूचनाको खण्डन

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज, श्रीपुरस्थित गौतम माविले पछिल्लो समय विद्यालयविरुद्ध भइरहेको भनिएको भ्रमपूर्ण प्रचारप्रति आपत्ति जनाउँदै सार्वजनिक वक्तव्य जारी गरेको छ।
विद्यालयले जारी गरेको वक्तव्यमा वि.सं. २०३३ सालमा चार जना विद्यार्थीबाट सुरु भएको गौतम स्कुल शुक्रबार हजारौं विद्यार्थीको भविष्य निर्माण गर्ने गौरवशाली शैक्षिक संस्थाको रूपमा स्थापित भएको उल्लेख गरिएको छ।
वक्तव्यमा पञ्चायती व्यवस्था, माओवादी जनयुद्ध, मधेश आन्दोलन, शिक्षक आन्दोलन, आर्थिक संकट, चन्दा आतंक तथा कोरोना महामारीजस्ता कठिन परिस्थितिमा पनि विद्यालयले शिक्षा सेवा निरन्तर सञ्चालन गरेको दाबी गरिएको छ।
विद्यालय प्रशासनले केही स्वार्थी, प्रतिशोधी तथा ईर्ष्यालु मानसिकता भएका व्यक्तिहरूले योजनाबद्ध रूपमा सामाजिक सञ्जाल र केही सञ्चार माध्यममार्फत मिथ्या, तथ्यहीन तथा भ्रामक सूचना फैलाएर संस्थाको प्रतिष्ठामाथि आक्रमण गर्ने प्रयास गरेको आरोप लगाएको छ। विद्यालयले नयाँ शैक्षिक सत्र सुरु भएपछि विगत सत्रको बाँकी शुल्क भुक्तानी गरिदिन अभिभावकसँग अनुरोध गरिएको विषयलाई तोडमोड गरी एकपक्षीय रूपमा प्रचार गरिएकोप्रति असन्तुष्टि जनाएको छ।

# रासायनिक मललाई प्रतिस्थापन गर्दै गड्यौला मल



**सिरहा।**
धनगढीमाई नगरपालिका–१० दनुवारी टोलकी अनिता महतोलाई अचेल रासायनिक मलको खोजीमा सहकारी र बजारतिर भौतारिनु पर्दैन। विगत छ महिनादेखि उनले आफ्नो खेतमा रासायनिक मलको सट्टा 'गड्यौला मल' प्रयोग गर्न थालेकी छिन्।
अनिताले अहिले करिब पाँच कट्ठा जमिनमा विभिन्न प्रकारका तरकारीखेती गरिरहेकी छन्। गड्यौला मलको प्रयोगबाट उत्पादन निकै सन्तोषजनक भएको उनको अनुभव छ। 'जबदेखि गड्यौला मल सुरु गरेँ, रासायनिक मलको खोजीमा दौडिनुपरेको छैन,' उनले खुसी हुँदै भनिन्, 'यसले चिस्यान बढाउनुका साथै अग्र्यानिक तरकारी उत्पादनमा पनि ठूलो सहयोग पुर्याएको छ। माटोको उर्वराशक्ति पनि बढाउँदोरहेछ।'
अनितामात्र होइन, सोही टोलकी सुगन्धादेवी सिंहले पनि गड्यौला मलकै प्रयोगबाट खेतीपाती गरिरहेकी छन्। यो टोलका ११ घरपरिवारले 'महारानी महिला कृषक समूह' गठन गरी व्यावसायिक रूपमा गड्यौला मल उत्पादन गरिरहेका छन्। कुल २६ जना सदस्य रहेको यस समूहका अन्य १२ घरपरिवारले गोठ सुधार गरी कम्पोष्ट मल उत्पादन गरिरहेका छन्। समूहकी कोषाध्यक्ष उर्मिला महतोका अनुसार विस्तारै वडाभरिका किसान गड्यौला र कम्पोष्ट मलतर्फ आकर्षित हुँदै गएका छन्।
उर्मिलाका अनुसार गाईभैँसीको मलमूत्र र सड्ने झारपातलाई सङ्कलन गरी त्यसमा गड्यौला छाडिन्छ। गड्यौलाले ती वस्तुलाई आहाराका रूपमा खान्छन् र उनीहरूको दिसा नै मलका रूपमा प्रयोग गरिन्छ। यो मलले माटोलाई चिस्यानयुक्त बनाइराख्न मद्दत गर्छ, जुन जलवायुमैत्री कृषिका लागि उपयुक्त मानिन्छ।
किसानलाई आधुनिक र जलवायु उत्थानशील पद्धतिमा आबद्ध गराउन लहानस्थित 'राष्ट्रिय कृषक समूह महासङ्घ नेपाल'ले 'जलवायुमैत्री गाउँ परियोजना'मार्फत सक्रिय भूमिका खेलिरहेको छ। 'केयर नेपाल'को आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित यस परियोजनाले कृषक पाठशाला सञ्चालन गर्नेदेखि आवश्यक कृषि सामग्री उपलब्ध गराउनेसम्मका कार्य गर्दै आएको छ।
परियोजनाका फिल्ड सुपरीवेक्षक रविन साहका अनुसार धनगढीमाई नगरपालिकाको वडा नं १४ बाहेकका अन्य सबै वडामा महिला कृषक समूह गठन गरी विभिन्न कार्यक्रम सञ्चालन गरिएका छन्। यसअन्तर्गत गोठ सुधार, गड्यौला मल उत्पादन, बोरिङ तथा फोहोरा सिँचाइ जडान, झोल मल, जैविक मल, आधुनिक चुलो प्रवर्द्धन र जलवायुमैत्री बीउबिजन वितरणजस्ता कार्यहरू प्रभावकारी रूपमा अघि बढाइएको साहले जानकारी दिए।
परियोजनाका वरिष्ठ कार्यक्रम अधिकृत ईश्वर थापाका अनुसार यो कार्यक्रम यहाँका धनगढीमाई नगरपालिका, लक्ष्मीपुर पतारी, भगवानपुर र सखुवानन्कारकट्टी गाउँपालिका गरी चार स्थानीय तह तथा सप्तरीका रुपनी र अग्निसाइर कृष्णासवरन गाउँपालिकामा सञ्चालित छ। उनका अनुसार ७० प्रतिशत संस्थाको र ३० प्रतिशत किसानको लागत साझेदारीमा सञ्चालित यो कार्यक्रमले किसानमा अपनत्वको बोध गराएको छ।
थापाले भने, 'मधेश प्रदेशमा हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्दै लैङ्गिक उत्तरदायी र जलवायु उत्थानशील कृषक समुदायको विकास गर्नु हाम्रो मुख्य उद्देश्य हो। यस अभियानले विशेषगरी कृषिमा महिलाको कार्यबोझ कम गर्दै उनीहरूको क्षमता अभिवृद्धिमा प्रत्यक्ष सहयोग पुर्याउने लक्ष्य राखेको छ।
साथै, माटोमा कार्बन सञ्चिति बढाएर उत्पादकत्व सुधार गर्ने र जलवायु परिवर्तनका चुनौतीलाई सामना गर्न सक्नेगरी किसानलाई सक्षम बनाउन हामी केन्द्रित छौँ।'
जलवायुमैत्री कृषिको महत्व बढ्दै जाँदा सरकारले पनि यसलाई विशेष प्राथमिकता दिएको छ। सरकारको 'शासकीय सुधारका १०० कार्यसूची'मा समेत माटोमा कार्बन बढाउने विषय समेटिएको छ। विज्ञहरूका अनुसार माटोमा कार्बन बढ्दा पोषकतत्वको चुहावट कम हुने र बिरुवाको जराको फैलावट राम्रो हुने गर्छ। थोरै समयमा नाफा खोज्नेहरूका लागि यो पद्धति ढिलो लागे पनि माटोको दीर्घकालीन स्वास्थ्य र विषादीरहित उत्पादनका लागि गड्यौला मल अहिलेको उत्तम विकल्प सावित भएको छ।

# मटिअर्वा छोटी भन्सार पुनः सञ्चालनमा ल्याउन पहल

**मधेशदृष्टि**
**वीरगंज।**
लामो समयदेखि प्रायः बन्द रहेको मटिअर्वा छोटी भन्सार पुनः सञ्चालनमा ल्याउने प्रक्रिया सरकारले अगाडि बढाएको छ।
सीमावर्ती क्षेत्रका नागरिकको निरन्तर माग र स्थानीय आर्थिक गतिविधिलाई थप सक्रिय बनाउने उद्देश्यसहित भन्सार पुनः सञ्चालनको तयारी थालिएको हो।
नेपाल सरकारले सञ्चालनमा रहेका १८ वटा छोटी भन्सारको सूचीमा वीरगंज भन्सार कार्यालय अन्तर्गत पर्ने मटिअर्वा छोटी भन्सारलाई समावेश गरेसँगै आवश्यक प्रशासनिक प्रक्रिया अघि बढाइएको जनाइएको छ।
सम्बन्धित निकायले अब सञ्चालनका लागि आवश्यक व्यवस्थापन, जनशक्ति तथा संरचनागत तयारीलाई तीव्रता दिने बताएका छन्।
भन्सार पुनः सञ्चालन भएपछि नेपाल–भारत सीमाक्षेत्रको व्यापारिक गतिविधि सहज हुने, स्थानीय व्यवसायीलाई राहत पुग्ने तथा राजस्व संकलनमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ। स्थानीयवासीले पनि यस कदमलाई क्षेत्रीय आर्थिक चलायमानताका लागि महत्वपूर्ण निर्णयका रूपमा लिएका छन्।

# ट्राफिक दुर्घटना न्यूनीकरणसम्बन्धी सचेतना

**मधेशदृष्टि**
**वीरगंज।**
समुदाय–प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत ट्राफिक दुर्घटना न्यूनीकरणसम्बन्धी सचेतनामूलक कार्यक्रम वीरगंज महानगरपालिका–१३ स्थित जीएचपी माविमा भएको छ।
विद्यालयका प्रिन्सिपल रविन्द्र कौरको सभापतित्व र प्रहरी नायब उपरीक्षक राजु कार्की प्रमुख अतिथी रहेको कार्यक्रममा पर्सा ट्राफिक कार्यालयका प्रमुख युवराज कटवालले विद्यार्थीहरूलाई ट्राफिक नियम, सडक सुरक्षा तथा दुर्घटना न्यूनीकरणका उपायबारे अभिमुखीकरण गरेका थिए।
कार्यक्रमको संयोजन युवा अभियन्ता दिलिप राज कार्कीले गरेका थिए। सचेतनामूलक कार्यक्रममा सडक नियम पालना, ट्राफिक संकेतको महत्व, मापसे गरेर सवारी चलाउँदा हुने जोखिम लगायतका विषयमा जानकारी दिइएको थियो।

# ग्यास लिक भएर आगलागी

**मधेशदृष्टि**
**सर्लाही।**
हरिवन नगरपालिका–१ बिलन्दी टोलमा ग्यास लिक भएर आगलागी हुँदा एक घर जलेर पूर्ण रूपमा नष्ट भएको छ। हरिवन नगरपालिका–१ स्थित बिलन्दी टोलमा दिवस बम्जनको भान्साघरमा शुक्रवार विहान ग्यास सिलिन्डर लिक भएपछि आगलागी भएको प्रहरीले जनाएको छ।
आगलागीबाट घर भित्र रहेका कपडा, फर्निचर, गरगहना, अन्न लगायत सम्पूर्ण सामग्री जलेर नष्ट भएको छ।
स्थानीयवासी, सुरक्षाकर्मी तथा नेपाली सेनाको भैरवीदल गणबाट पुगेको दमकलको सहयोगमा आगो नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय हरिवनका प्रहरी निरीक्षक चन्द्रकान्त अधिकारीले जानकारी दिएका छन्।

# अनुमतिबिना भिडियो नखिच्न आग्रह



**मधेशदृष्टि**
**सर्लाही।**
लालबन्दी नगरपालिकाले विद्यालय परिसरभित्र बिना अनुमति प्रवेश गरी भिडियो खिच्ने तथा अन्तरवार्ता लिने युट्युबरहरूलाई कानूनी कारबाही गर्ने चेतावनी दिएको छ। नगरपालिकाले सार्वजनिक गरेको प्रेस विज्ञप्तिमा केही व्यक्तिहरूले पठनपाठन भइरहेको समयमा विद्यालयभित्र प्रवेश गरी अनावश्यक रूपमा भिडियो बनाउने र शिक्षक–विद्यार्थीसँग अन्तरवार्ता लिने गरेको भन्दै यस्तो गतिविधिप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरिएको छ।
सामुदायिक विद्यालयहरूबाट प्राप्त उजुरीका आधारमा नगरपालिकाले यस्तो कदम चालेको जनाएको छ। नगरपालिकाका अनुसार प्रधानाध्यापकहरूसँगको छलफलपछि यस्ता गतिविधिले शिक्षकहरूको मनोबल घटाउने र शैक्षिक वातावरणमा असर पार्ने निष्कर्ष निकालिएको हो।
नगर प्रमुख वासुदेव अधिकारीद्वारा जारी विज्ञप्तिमा बिना अनुमति विद्यालय प्रवेश गरी सामाजिक सञ्जालमा भ्रामक सामग्री प्रसारण गर्ने कार्यप्रति आपत्ति जनाइएको छ। यस्ता कार्य कानुनअनुसार दण्डनीय हुने भएकाले सचेत रहन सम्बन्धित पक्षलाई आग्रह गरिएको छ।
नगरपालिकाले विद्यालयको शैक्षिक वातावरण शान्तिपूर्ण र मर्यादित बनाउन सबै सरोकारवालालाई सहयोग गर्न आग्रह गर्दै, बिना अनुमति विद्यालयमा प्रवेश गरी बाधा पु¥याउने जो कोहीलाई पनि कानूनी कारबाही गरिने स्पष्ट पारेको छ।

# दुधौरामा अवैध ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् जारी

**मधेशदृष्टि**
**बारा।**
जितपुरसिमरा उपमहानगरपालिका–१ स्थित दुधौरा खोलामा अवैध रूपमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन भइरहेको स्थानीयको भनाइ छ।
नदिजन्य पदार्थ अवैध उत्खनन् गरिरहेको अवस्थामा वितेको बुधवार मात्रै तीन सवारीसाधन नियन्त्रणमा लिइएको थियो। वन कर्मचारी आउँदा केही समय तसकरहरू नदेखिए पनि कर्मचारी फर्कने वित्तीकै नदि उत्कनन् धन्दा सुरु भइजाने गरेको स्थानीयले बताए। डिभिजन वन कार्यालय बारा को गस्ती टोलीले एक जेसीबी र दुई टिपर नियन्त्रणमा लिएको थियो।
डिभिजन वन कार्यालयका वन अधिकृत राजेश कुमार साहको नेतृत्वमा खटिएको टोलीले बुधबार दिउँसो कारबाही गरेको हो। वन कार्यालयका अनुसार उपमहानगरपालिकाबाट नदिजन्य पदार्थ उत्खननको ठेक्का पाएको ठेकेदारले वन क्षेत्रभित्र नियमविपरीत उत्खनन, घाटगद्दी तथा वातावरणीय प्रतिवेदन विपरीत कार्य गरेको पाइएपछि सवारीसाधन नियन्त्रणमा लिइएको हो। डिभिजन वन कार्यालयले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ।

सम्पादकीय

# सर्वोच्च अदालतको आदेश र कार्यपालिका–न्यायपालिकाको सम्बन्ध

हालै सर्वोच्च अदालतले सुकुम्बासी बस्तीमा डोजर नलगाउन दिएको आदेशले काठमाडौँ महानगरपालिकाका मेयर बालेन शाहको अव्यवस्थित बसोबासीलाई व्यवस्थित गर्ने योजनामाथि प्रश्नचिन्ह खडा गरेको छ । महानगरपालिकाले लामो समयदेखि थालेको सुकुम्बासी बस्ती हटाउने अभियानलाई अदालतको यो आदेशले तत्कालका लागि रोकेको छ । यसले एकातिर महानगरको शहरी व्यवस्थापनको प्रयासमा अवरोध पुगेको देखिन्छ भने अर्कोतिर राज्यका दुई महत्वपूर्ण अंग कार्यपालिका र न्यायपालिकाबीचको सम्बन्धमा थप जटिलता उत्पन्न गरेको छ । अदालतले नागरिकको बसोबासको अधिकारलाई प्राथमिकता दिँदै वैकल्पिक व्यवस्था बिना बल प्रयोग नगर्न आदेश दिएको छ, जुन मानवीय दृष्टिकोणले सान्दर्भिक भए पनि महानगरको योजनाका लागि चुनौती बनेको छ।

यो आदेशलाई कतिपयले प्रधानन्यायाधीश नियुक्तिको विषयसँग जोडेर हेरेका छन् । सरकारले वरियता मिचेर प्रधानन्यायाधीश बनाउन खोजेको भन्ने आरोप लागिरहेका बेला अदालतले सरकारको कार्यशैलीमाथि अंकुश लगाउने गरी दिएको यो आदेशलाई 'मौन विद्रोह' को संकेतका रूपमा पनि व्याख्या गरिएको छ। संवैधानिक परिषद्ले चौथो वरियताका न्यायाधीशलाई प्रधानन्यायाधीशमा सिफारिस गरेको घटनाले न्यायपालिकाभित्रै पनि असन्तुष्टि बढाएको थियो। यस्तो अवस्थामा अदालतले कार्यपालिकाको कदममाथि प्रश्न उठाउनुलाई न्यायपालिकाले आफ्नो स्वतन्त्रता र गरिमा कायम राख्न खोजेको रूपमा बुझ्न सकिन्छ।

कार्यपालिका र न्यायपालिकाबीचको यो टकराव नयाँ भने होइन। नेपालको राजनीतिक इतिहासमा यस्ता घटनाहरू पटक–पटक दोहोरिएका छन्। तर, पछिल्लो समयमा यी दुई अंगबीचको सम्बन्धमा थप तिक्तता आएको महसुस गरिएको छ। सरकारले आफ्नो योजना कार्यान्वयन गर्न खोज्दा अदालतले त्यसलाई रोक्नु र अदालतको आदेशलाई सरकारले आफ्नो कार्यमा अवरोधका रूपमा लिनुले लोकतान्त्रिक प्रणालीमा शक्ति पृथकीकरणको सिद्धान्तको पालना कसरी गर्ने भन्नेमा बहस सिर्जना गरेको छ।

यसले कार्यपालिका र न्यायालयबीचको दुश्मनी र द्वन्द्व बढेको संकेत गर्छ। प्रधानन्यायाधीश नियुक्तिमा देखिएको विवाद र सुकुम्बासी बस्तीको मुद्दामा अदालतको हस्तक्षेपले दुई अंगबीचको विश्वासको संकटलाई उजागर गरेको छ। यस्तो अवस्थाले समग्र राज्य सञ्चालनमा नकारात्मक असर पार्न सक्छ। लोकतन्त्रमा दुवै अंगको आ–आफ्नो भूमिका र मर्यादा हुन्छ। एकले अर्काको क्षेत्राधिकारको सम्मान गर्दै समन्वयमा अघि बढ्नुपर्नेमा अहिले देखिएको अवस्थाले चिन्ता बढाएको छ।

अन्ततः, यो अवस्थाले सरकार र अदालत दुवैलाई गम्भीर आत्मसमीक्षा गर्नुपर्ने आवश्यकता देखाएको छ। सरकारले कुनै पनि योजना बनाउँदा मानवीय पक्ष र कानुनी प्रक्रियालाई पूर्ण रूपमा ध्यान दिनुपर्छ भने अदालतले पनि आफ्नो आदेशले पार्ने दीर्घकालीन प्रभाव र राज्य सञ्चालनमा आउन सक्ने अवरोधलाई विचार गर्नुपर्छ। कार्यपालिका र न्यायपालिकाबीचको स्वस्थ सम्बन्ध नै लोकतन्त्रको आधारस्तम्भ हो। यसलाई सुदृढ गर्न दुवै पक्षले जिम्मेवारीपूर्वक काम गर्नुपर्छ, नत्र यसले समग्र प्रणालीलाई कमजोर बनाउन सक्छ।

# मनसुन अवधिमा सरदरभन्दा कम वर्षा र तापक्रम बढ्ने पूर्वानुमान

–प्रगति ढकाल/रासस

जल तथा मौसम विज्ञान विभागले यस मनसुनमा नेपालमा सरदरभन्दा कम वर्षा हुने र तापक्रम बढ्ने प्रक्षेपण गरेको छ। आज विभागले राष्ट्रिय मनसुन फोरम कार्यक्रममार्फत उक्त प्रक्षेपण सार्वजनिक गरेको हो।

मनसुनको ऋतुगत अवस्थाबारे प्रस्तुतीकरण दिँदै जल तथा मौसम विज्ञान विभागका मौसमविद् सुदर्शन हुमागाईँले आगामी मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा कम वर्षा हुने सम्भावना रहेको बताउनुभयो। उहाँले आगामी जेठ १८ देखि असोज १४ सम्म रहने मनसुनमा अधिकांश भूभागमा सरदरभन्दा कम वर्षा हुने तथा अधिकतम र न्यूनतम तापक्रम भने देशभर सरदरभन्दा बढी रहने सम्भावना रहेको जानकारी दिनुभयो।

उहाँका अनुसार विभागले विश्व मौसम सङ्गठनअन्तर्गत विश्व तथा क्षेत्रीय जलवायु सूचना उत्पादन केन्द्रहरूको हावापानी प्रारूप, दक्षिण एसियाली जलवायु दृष्टिकोण मञ्च (सास्कोफ)लगायतका अन्तरराष्ट्रिय जलवायु मोडेलहरूको विश्लेषणका आधारमा मनसुनको ऋतुगत आकलन तयार गरेको हो।

आकलनमा पूर्वी प्रशान्त महासागरमा विकसित हुने एल–निनो साउदर्न ओस्सिलेसन (इएनएसओ), हिन्द महासागरमा विकसित हुने इन्डियन ओसन डाइपोल (आइओडी), युरोप तथा एसियामा हिउँद र प्रिमनसुन अवधिमा परेको हिमपात तथा अन्तरऋतु परिवर्तनशीलताका कारकलाई समेत आधार बनाइएको विभागले जनाएको छ।

हाल प्रशान्त महासागरमा इएनएसओ तटस्थ अवस्थामा रहे पनि एल–निनोतर्फ उन्मुख रहेको तथा हिन्द महासागरमा विकसित हुने आइओडी पनि अहिले तटस्थ अवस्थामा रहेको हुमागाईँले बताउनुभयो। उहाँका अनुसार आगामी मनसुनको अन्त्यसम्ममा आइओडी सकारात्मक अवस्थामा पुग्ने सम्भावना विभिन्न विश्वव्यापी जलवायु मोडेलहरूले देखाएका छन्।

यद्यपि, ऋतुगत जलवायु समुद्री तथा वायुमण्डलीय प्रणाली, भूउपयोगलगायत विविध कारकमा निर्भर रहने भएकाले जलवायु प्रारूपहरूलाई शतप्रतिशत विश्वसनीय मान्न कठिन हुने उहाँले स्पष्ट पार्नुभयो।

गत वर्षको मनसुनको समीक्षा गर्दै उहाँले विभागले २०८२ सालको मनसुनमा अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने आकलन गरे पनि देशका धेरैजसो केन्द्रमा सरदरभन्दा कमदेखि सरदर वर्षा मापन भएको जानकारी दिनुभयो। केही स्थानमा भने सरदरभन्दा बढी वर्षा भएको थियो।

तापक्रमतर्फ भने विभागको आकलनअनुसार नै अधिकांश स्थानमा सरदरभन्दा बढी अधिकतम तथा न्यूनतम तापक्रम रेकर्ड भएको उहाँले बताउनुभयो।

विभागका अनुसार यस वर्ष कर्णाली प्रदेशका दक्षिणी भूभाग, लुम्बिनी प्रदेशका अधिकांश क्षेत्र, मधेश प्रदेशका पूर्वी भूभाग तथा कोशी प्रदेशका दक्षिणी क्षेत्रमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ।

त्यस्तै, सुदूरपश्चिम प्रदेशका अधिकांश भूभाग, मधेश प्रदेशका पश्चिमी भूभाग तथा कोशी प्रदेशका मध्य भूभागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको विभागले जनाएको छ।

कर्णाली र कोशी प्रदेशका उत्तरी भूभागमा भने सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत सरदरभन्दा कम वर्षाको सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागको आकलन छ।

साथै सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी, बागमती, मधेश र कोशी प्रदेशका विभिन्न भूभागमा सरदरभन्दा बढी तापक्रम रहने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको विभागले जनाएको छ।

त्यस्तै, देशभर सरदरभन्दा न्यूनतम तापक्रम बढ्ने विभागको निष्कर्ष छ। विशेषगरी सुदूरपश्चिम, कर्णाली, बागमती, मधेश र कोशी प्रदेशका केही क्षेत्रमा न्यूनतम तापक्रम सरदरभन्दा बढी रहने सम्भावना ५५ देखि ६५ प्रतिशतसम्म रहेको बताइएको छ।

विभागअन्तर्गत हावापानी विश्लेषण शाखाका इञ्जार्ज सुजन सुवेदीले मनसुन नेपालको सबैभन्दा संवेदनशील मौसम प्रणाली भएको उल्लेख गर्दै वार्षिक वर्षाको करिब ८० प्रतिशत हिस्सा मनसुन अवधिमै हुने जानकारी दिनुभयो। उहाँका अनुसार गत वर्ष मनसुन औसतभन्दा १५ दिन अगाडि नेपाल प्रवेश गरेको थियो भने बहिर्गमन आठ दिन ढिला भएको थियो। दीर्घकालीन प्रवृत्ति हेर्दा मनसुन चाँडै सुरु हुने र ढिलो सकिने क्रम देखिएको उहाँले बताउनुभयो।

गत वर्षको मनसुनका लागि विभागले औसतभन्दा बढी वर्षा हुने प्रक्षेपण गरेको थियो। जुलाइको सुरुमा अद्यावधिक गर्दा विशेषगरी तराई क्षेत्रमा वर्षा सम्भावना अझ बढाइएको उहाँले जानकारी दिनुभयो। तथापि, जुनदेखि सेप्टेम्बरसम्मको अवधिमा औसतको करिब ९० प्रतिशतमात्रै वर्षा भएको उहाँले बताउनुभयो।

गत अक्टोबरमा भएको असाधारण वर्षाले समग्र मनसुन अवधिको वर्षा परिमाण बढाएको उहाँले उल्लेख गर्नुभयो। अक्टोबरमा नेपालका धेरै स्थानमा २०० मिलीमिटरभन्दा बढी वर्षा भएको तथा १५ भन्दा बढी स्टेशनमा ६०० मिलीमिटरभन्दा बढी वर्षा रेकर्ड भएको उहाँले जानकारी दिनुभयो।

उहाँले पश्चिम बङ्गाल क्षेत्रमा विकसित 'मोन्था' चक्रवातको प्रभावका कारण पनि नेपालमा भारी वर्षा भएको बताउनुभयो। त्यसले समग्र मनसुन वर्षामा अतिरिक्त योगदान गरेको उहाँको भनाइ थियो।

सुवेदीले नेपालमा क्षेत्रीय तहमा मनसुन पूर्वानुमान अझै चुनौतीपूर्ण रहेको स्वीकार गर्नुभयो। सुवेदीले मौसम तथा जलवायु अध्ययनमा स्थानीय भूगोल, वर्षाको वितरण र दीर्घकालीन तथ्याङ्कको महत्त्व अत्यधिक रहने उल्लेख गर्दै वैज्ञानिक पूर्वानुमानलाई अझ प्रभावकारी बनाउन निरन्तर अध्ययन र सुधार आवश्यक रहेको बताउनुभयो।

जलवायु तथा विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीले सुपर एल निनोले दक्षिणी एसियाली देशमा आउने मनसुनी अवधिमा औसतभन्दा कम वर्षा तथा औसतभन्दा बढी गर्मीको सम्भावना देखाएको छ।

## मौसम सेवा थप विश्वसनीय बनाउनुपर्नेमा जोड

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडीले जलवायु परिवर्तनको बढ्दो प्रभावसँगै जल तथा मौसमसम्बन्धी अध्ययन, अनुसन्धान र पूर्वानुमान सेवालाई अझ प्रभावकारी बनाउनुपर्ने बताउनुभएको छ।

उहाँले पछिल्लो समय जलवायुजन्य प्रभावका कारण वन, जलस्रोत तथा पर्यावरण क्षेत्रमा गम्भीर असर देखिन थालेको उल्लेख गर्दै यससम्बन्धी अनुसन्धान अत्यन्त संवेदनशील र महत्त्वपूर्ण विषय बनेको बताउनुभयो।

उहाँले केही वर्षयता जल तथा मौसम सेवाको पहुँच द्रुतगतिमा विस्तार हुँदै गएको र सेवाप्रति आमनागरिकको विश्वास पनि बढ्दै गएको उल्लेख गर्नुभयो। 'विपद् जोखिम न्यूनीकरण र जनधनको सुरक्षा गर्न मौसम पूर्वानुमान सेवा अत्यन्त महत्त्वपूर्ण बनेको छ,' उहाँले भन्नुभयो।

सचिव दवाडीले आधुनिक प्रविधिको प्रयोगमार्फत जल तथा मौसम पूर्वानुमान प्रणालीलाई थप सुदृढ बनाउने काम भइरहेको जानकारी दिनुभयो। विभागले सात दिनसम्मको वर्षा पूर्वानुमानलाई अझ प्रभावकारी बनाउने लक्ष्यका साथ काम गरिरहेको उहाँको भनाइ थियो।

उहाँले दुर्गम तथा जोखिमयुक्त स्थानसम्म मौसम सेवा विस्तार गर्नुपर्ने आवश्यकता औँल्याउँदै स्थानीय तहसम्म विश्वसनीय सूचना पुर्याउन आग्रह गर्नुभयो। 'मौसम तथा जलवायु सेवाले आम नागरिकको जीवन, कृषि, जलस्रोत व्यवस्थापन र विपद् न्यूनीकरणमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले यसलाई अझ विश्वासिलो बनाउन आवश्यक छ,' उहाँले बताउनुभयो।

जलवायु परिवर्तनका कारण जोखिम र विपद्का घटना तीव्र बन्दै गएको उल्लेख गर्दै उहाँले नेपाल सरकारले जलवायु परिवर्तन अनुकूलन तथा मौसम सेवाको सुदृढीकरणलाई प्राथमिकतामा राखेको जानकारी दिनुभयो।

उहाँका अनुसार जलवायु तथा मौसम विज्ञानसम्बन्धी संस्थागत संरचना सुदृढ गर्न मन्त्रालयले विभिन्न नीतिगत तथा प्राविधिक पहल अघि बढाइरहेको छ। विभागमा जनशक्ति व्यवस्थापन, प्राविधिक क्षमता अभिवृद्धि तथा आधुनिक उपकरण विस्तारका काम भइरहेको उहाँले बताउनुभयो।

सचिव दवाडीले जलवायु परिवर्तनका कारण हिमताल विस्फोट, अतिवृष्टि, बाढी तथा पहिरोजस्ता विपद्का जोखिम बढिरहेको उल्लेख गर्दै पूर्वतयारी, पूर्वानुमान र सूचना प्रणालीलाई अझ मजबुत बनाउनुपर्नेमा जोड दिनुभयो। 'अबको आवश्यकता भनेको वैज्ञानिक अध्ययन, विश्वसनीय पूर्वानुमान र प्रभावकारी सूचना प्रणालीमार्फत जनधनको क्षति न्यूनीकरण गर्नु हो,' उहाँले भन्नुभयो।

## खडेरीका कारण चालु आवमा धान उत्पादनमा ह्रास

गत वर्ष मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको प्रक्षेपण गरिए पनि सबै स्थानमा धान रोपाइँका लागि भने मनसुन अनुकूलन नदेखिएको जनाइएको छ। बर्खेधान रोप्ने समयमा खडेरी परेपछि यसपटक धान उत्पादनमा पनि कमी आएको मन्त्रालयको भनाइ छ। विषेशगरी कोशी र मधेश प्रदेशमा परेका खडेरीका कारण उत्पादनमा कमी आएको हो। कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार आर्थिक वर्ष २०८१–८२ मा धान बाली भित्र्याइएको कुल क्षेत्रफल १४ लाख २० हजार ६ सय ३६ हेक्टर क्षेत्रफल रहेको थियो। चालु आवमा तीन दशमलव आठ प्रतिशतले घटेर १३ लाख ७६ हजार ८७२ हेक्टर क्षेत्रफल कायम रहेको मन्त्रालयको अनुमान छ।

त्यसैगरी, आव २०८१–८२ मा ५९ लाख ५५ हजार ४ सय ७६ मेट्रिक टन उत्पादन भएकामा चालु आव चार दशमलव २० प्रतिशतले कमी भई ५७ लाख पाँच हजार १ सय २६ मेट्रिक टन उत्पादन भएको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ। यस्तै उत्पादकत्व गत आवमा चार दशमलव १९ मेट्रिक टन प्रतिहेक्टर रहेकामा आव २०८२–८३ मा उत्पादकत्व एक दशमलव १६ प्रतिशतले घटेर चार दशमलव १४ मेट्रिक टन प्रतिहेक्टर हुन पुगेको छ।

# आफ्नै पखेरामा 'सुन' फलाउँदैछन् किसान

नवीन रिजाल÷रासस

सपनाको खेती गर्न सात समुद्र पार गरेर परदेशको तातो बालुवामा पसिना बगाउन जाने युवाहरूको लर्को लागिरहेका बेला दैलेखको गुराँस गाउँपालिकाका कृषकहरूले भने आफ्नै पाखा–पखेरामा 'सुन' फलाएर मुलुकलाई नै नयाँ सन्देश दिएका छन्।

कुनै समय बाँझो रहेका, काँडाघारीले भरिएका र केबल घाँस–दाउरामा मात्रै सीमित यहाँका राता माटाका गहहरू अहिले लटरम्म फलेका सुन्तला र दानादार आलुका कारण पहेँलपुर र मनमोहक देखिएका छन्। आफ्नै माटोको सुगन्धमा रमाउँदै यहाँका किसानहरूले करोडौँको आम्दानी गरेर गाउँमा खुसीको रङ भरेका छन्।

वैदेशिक रोजगारीको मृगतृष्णालाई तिलाञ्जली दिएर माटोसँग अटुट साइनो गाँस्नुभएका गुराँस गाउँपालिकाका १८ जना जाँगरिला कृषकहरूको समूहले यतिबेला जिल्लामै ठूलो कृषि क्रान्ति ल्याएका छन्। वार्षिक करिब रु तीन करोडभन्दा बढी आम्दानी गाउँमै भित्र्याएर उनीहरूले कृषिलाई निर्वाहमुखी पेशा मात्र नबनाई सम्मानित र आकर्षक व्यवसायका रूपमा स्थापित गरेका छन्।

यस कृषि अभियानका एक सशक्त र बलिया खम्बा हुनुहुन्छ, गुराँस गाउँपालिका–६ का कृष्ण आरसी। उहाँलाई देख्दा लाग्छ, यदि मानिसमा अठोट, धैर्यता र जाँगर हुने हो भने माटोले कहिल्यै कसैलाई धोका दिँदैन। आरसीले यस वर्ष मात्रै सबै लगानी र खेतीको खर्च कटाएर २७ लाख रुपैयाँ चोखो नाफा आर्जन गर्नुभएको छ। यो सफलताको पछाडि उहाँको अहोरात्रको खटाइ र माटोसँगको अनन्य प्रेम लुकेको छ।

उहाँले यस वर्ष मात्रै २ सय क्विन्टल सुन्तला प्रतिकिलो ८० रुपैयाँका दरले बिक्री गरी १६ लाख रुपैयाँ आम्दानी गर्न सक्षम हुनुभयो। त्यति मात्र होइन, आलु र अन्य फलफूल खेतीबाट रु १२ लाख प्राप्त गर्नुभयो। उहाँले फलफूल र तरकारी मात्र नभई तिनका बीउ बिक्री गरेर पनि आम्दानी गर्नुभएको छ। करिब ३० रोपनी जग्गालाई हराभरा व्यावसायिक कृषि फार्ममा बदल्नुभएका आरसीले यसै वर्ष कृषि विकास कार्यालयलाई पाँच लाख रुपैयाँ र राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनालाई १० लाख रुपैयाँ बराबरको उच्च गुणस्तरको बीउ बिक्री गर्नुभएको छ। उहाँको सफलताको चर्चा अहिले गाउँदेखि सहरसम्म हुने गरेको छ।

आफ्नो सफलताको सूत्र सुनाउँदै आरसी भन्नुहुन्छ, 'विदेश जाने भनेको गाउँमै बसेर काम गर्न नचाहने वा आफ्नै देशको माटोको शक्ति नबुझेर मात्रै हो। जाँगर चलाउने हो भने यहीँको माटोमा सुन फल्छ।' यही माटोको कमाइले आज सुर्खेतमा भव्य घर, १० वटा घडेरी र दुईवटा गाडी जोड्न उहाँ सफल हुनुभएको छ। यो कुनै पनि देशको रोजगारीको कमाइभन्दा कम छैन। उहाँले कृषि विकास कार्यालयले फलफूल बगैँचा स्थापनादेखि सिँचाइका पोखरी र पाइपलाइनसम्म पु¥याएको प्राविधिक र आर्थिक सहयोगको खुलेर प्रशंसा गर्नुभयो।

गुराँस गाउँपालिका–५ मा रहेको लहरा बस्ती अहिले आलुको बीउको लागि जिल्लाभर मात्र नभई कर्णाली प्रदेशमै प्रसिद्ध छ। यहाँ उत्पादन हुने बीउको गुणस्तर राम्रो भएकाले कृषकहरूले बजार खोज्दै भौँतारिनुपर्ने अवस्था छैन, बरु ग्राहकहरू खेतमै आइपुग्छन्। विगत २२



वर्षदेखि यही माटोमा रमाउँदै आउनुभएकी प्रतीक्षा राना बिसीको अनुभवमा यहाँको बीउको माग दैलेखका ११ वटै स्थानीय तहमा उच्च छ। उहाँले वार्षिक १७ क्विन्टल बीउ आलु रोप्नुहुन्छ, जसबाट ८० देखि ९० क्विन्टलसम्म उत्पादन लिने गर्नुभएको छ।

आलुसँगै उहाँले काउली, बन्दा र केराउ खेतीलाई पनि व्यावसायिक रूपमा अगाडि बढाउनुभएको छ, यसबाट वार्षिक रु १० लाखभन्दा बढी आम्दानी हुने गरेको छ। सफलताका बीच केही भौतिक चुनौतीहरू बाँकी रहेको उहाँ बताउनुहुन्छ। बिसीले भन्नुभयो, 'हाम्रो उत्पादनलाई सबैले राम्रो मान्नुहुन्छ, तर उत्पादन बोकेर गाडी पुग्ने सडकसम्म पु¥याउन निकै सास्ती छ। सडक र सिँचाइको उचित प्रबन्ध भइदिए हामी उत्पादनलाई अझै व्यापक बनाउने थियौँ।'

किसानहरूको यो लोभलाग्दो मिहनत र गाउँमै भइरहेको आम्दानीको चर्चा चुलिएपछि कर्णाली प्रदेश सरकारका सामाजिक विकास समितिका सभापति पूर्णबहादुर खत्रीले यही वैशाख १२ गते लहरा बस्तीको स्थलगत अनुगमन गर्नुभएको थियो। किसानहरूले आफ्नै गाउँमा उदाहरणीय काम गरेको थाहा पाउनासाथ उहाँ जिल्लाका कृषिसँग सम्बन्धित सरोकारवाला निकाय, प्राविधिक र विज्ञहरूको टोली लिएर किसानको खेतबारीमै पुग्नुभएको थियो।

अनुगमनका क्रममा किसानहरूका समस्या, गुनासो र मागहरूलाई नजिकबाट सुन्नुभएका सभापति खत्रीले किसानहरूको मेहेनत देख्दा आफू निकै प्रभावित भएको बताउनुभयो। उहाँले भन्नुभयो, 'तपाईंहरूले जमिनलाई सुनमा बदल्नुभएको छ, यो सिङ्गो कर्णालीका लागि गौरवको विषय हो।' किसानका कुरा सुनिसकेपछि उहाँले कृषिका पूर्वाधार, सडक र सिँचाइमा देखिएका समस्या समाधान गर्न आफूले प्रदेश सरकारको तर्फबाट सकेसम्म पहल गर्ने र वास्तविक किसानको पसिनाको कदर हुने गरी योजनाहरू ल्याउने प्रयास गर्ने प्रतिबद्धता जनाउनुभयो। बीउ आलु उत्पादनमा अर्को चम्किला पात्र हुनुहुन्छ, सोही गाउँका विराज राना। उहाँले सरकारी कार्यालय र विभिन्न कृषि परियोजनाहरूलाई मात्रै लाखौँको बीउ बिक्री गर्नुहुन्छ। उहाँको वार्षिक कारोबार करिब ३५ लाख रुपैयाँ बराबरको छ।

त्यसैगरी, विगत २५ वर्षदेखि निरन्तर कृषि कर्ममा होमिनुभएका विनोदबहादुर रोकायको कथा पनि उत्तिकै प्रेरणादायी छ। सुन्तला र आलुको मिश्रित खेतीबाट उहाँले वार्षिक १० लाख रुपैयाँ भन्दा बढी बचत गर्नुहुन्छ। उहाँले विगतका दुःखका दिनहरू सम्झँदै भन्नुभयो, 'पहिले हामी बीउका लागि महँगो मूल्य तिरेर नेपालगञ्ज धाउनुपथ्र्यो तर अहिले हामी आफैँले गाउँमै सस्तो र गुणस्तरीय बीउ उत्पादन गरेर अरूलाई वितरण गरिरहेका छौँ, यसले हामीलाई आत्मसन्तुष्टि दिएको छ।' रोकायले पनि कृषिकै आम्दानीबाट सुर्खेतमा घर र सात वटा घडेरी जोड्न सफल भएको जानकारी दिनुभयो।

कृषि विकास कार्यालय दैलेखका निमित्त प्रमुख दशरथ पाण्डेले किसानहरूको यो सक्रियताले कार्यालयको शिर उँचो बनाएको बताउनुभयो। उहाँका अनुसार वास्तविक किसानको पहिचान गरेर प्रोत्साहनको लागि कृषिबाट हुने प्राविधिक सहयोग मात्र गर्दा पनि यति ठूलो नतिजा निस्कनु सुखद पक्ष हो। पाण्डेले थप्नुभयो, 'युवाहरू मलेसिया वा खाडीमा पसिना बगाउन जानुभन्दा आफ्नै गाउँमा व्यावसायिक बन्ने हो भने मुलुक समृद्ध हुन समय लाग्दैन।' कार्यालयले किसानहरूको सुविधाका लागि २५ लाख रुपैयाँको अनुदानमा बीउ भण्डारण भवन समेत निर्माण गरिदिएको छ। गुराँस गाउँपालिका वडा नम्बर ४ र ५ मा कृषि विकास कार्यालयले बीउलाई सुरक्षित राख्न २५–२५ लाखको बीउ भण्डारण भवन बनाइदिएको छ

कृषिविज्ञ झलक भण्डारीले यसलाई स्वास्थ्य र समृद्धिसँग जोडेर हेर्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, 'आफ्नै जग्गामा फलेको अर्गानिक उपजले जनस्वास्थ्यमा सकारात्मक प्रभाव पार्छ र क्यान्सर जस्ता घातक रोगबाट बच्न सहयोग गर्छ। गुराँसका कृषकहरूले स्वास्थ्य र आम्दानी दुवैलाई सँगै लैजानुभएको छ।'

अहिले यहाँका सुन्तला र आलुले सुर्खेत, दैलेख, चुप्रा र डुङ्गेश्वरलगायतका ठूला बजारहरूको माग धानी रहेका छन्। किसानहरू करोड पति मात्र बन्नु भएको छैन, उहाँहरूले समाज लाई हेर्ने दृष्टिकोण नै परिवर्तन गरिदिनुभएको छ। गुराँस र डुङ्गेश्वरका यी पौरखी किसानहरूको सफलताले एउटै सन्देश दिएको छ–पसिना बगाउन जान्ने हो भने आफ्नै गाउँको माटोले सुनको फल दिन्छ। प्रदेश सरकार र सरोकारवाला निकायले सडक र सिँचाइको समस्यालाई समयमै सम्बोधन गरी दिने हो भने लहरा बस्तीको यो खुसी अझै धेरै गुणा फैलिने निश्चित छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# विद्यार्थी संगठनमाथि प्रतिबन्ध लगाउने निर्णयविरुद्ध सर्वोच्चमा रिट



**काठमाडौँ ।**
सरकारले गरेको विद्यार्थी संगठनमाथि प्रतिबन्ध लगाउने निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट दर्ता भएको छ । शुक्रबार नेकपा एमाले निकट अनेरास्वविवियु तथा नेकपा निकट अनेरास्वविवियु (क्रान्तिकारी) लगायतका ८ विद्यार्थी संगठनहरूले रिट दर्ता गरेको अनेरास्वविवियुका अध्यक्ष दीपक धामीले जानकारी दिए ।
उक्त रिटमार्फत संगठनहरूले निर्णय संविधान प्रदत्त संगठन स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता तथा लोकतान्त्रिक अधिकार विपरीत रहेको जिकिर गरेका छन् ।
विद्यार्थी संगठनहरुको खारेज गर्ने सरकारी निर्णय स्वेच्छाचारी भएको उल्लेख गर्दै सरकारी निर्णय कार्यान्वयन नराउन अन्तरिम आदेशको माग गरिएको छ ।
आठ विद्यार्थी संगठनले सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र गृह मन्त्रालयलाई विपक्षी बनाएर निवेदन पेस गरेका छन् ।

# बाबुराम भट्टराईले छोडे प्रलोपा



**काठमाडौँ ।**
पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) छाडेका छन्। उनी प्रलोपाका संरक्षक थिए।
भट्टराईले आफू कुनै पनि सांगठनिक जिम्मेवारीमा नरही स्वतन्त्र रहन चाहेको व्यहोरा पार्टीलाई जानकारी गराएका थिए।
त्यसअनुसार पार्टीले वैयक्तिक छनौटलाई सम्मान गर्दै भट्टराईलाई शुभकामना दिने निर्णय गरेको छ। साथै प्रलोपाले अध्यक्ष परिषद् सदस्य सुदन किरातीलाई पनि शुभकामना दिएको छ। उनी आज श्रम संस्कृति पार्टी प्रवेश गरेका छन्।
प्रलोपाले महाधिवेशन समग्र पार्टीको योजना निर्माण र कार्यान्वयन गर्न छिट्टै सचिवालय बैठक आयोजना गर्ने उल्लेख गरेको छ।

# चुनावी वाचापत्रअनुसार नै विद्यार्थी सङ्गठन खारेज गरिएको होः शिक्षामन्त्री पोखरेल्



काठमाडौँ ।
शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले आफूहरुको चुनावी वाचापत्रअनुसार नै विद्यार्थी सङ्गठन खारेज गरिएको बताएका छन् । सिंहदरबार पत्रकारसँग कुरा गर्दै नेपाल सरकारका प्रवक्ता पोखरेलले आफूहरुको वाचापत्रलाई निर्वाचनका समयमा छलफल भएको र वाचापत्रलाई जनताले अनुमोदन गरिसकेकोले विद्यार्थी सङ्गठन नराख्ने विषयमा थप बहस आवश्यक नभएको स्पष्ट पारे ।
बढी शुल्क लिने विद्यालयमाथि कारबाही गर्न स्थानीय तह सक्रिय हुनुपर्नेमा समेत उनले जोड दिए। विद्यालयहरुले तोकिएको मापदण्डभन्दा बढी भर्ना वा वार्षिक शुल्क लिएको गुनासो आएको उल्लेख गर्दै उक्त विषयमा नगरपालिका सङ्घ, गाउँपालिका महासङ्घका पदाधिकारी र उपत्यका मेयर्स फोरमका प्रतिनिधिसँग छलफल भएको बताए ।
तोकिएको मापदण्ड र नियमको कार्यान्वयनका लागि सङ्घ सरकारको कुनै मद्धत चाहिएमा हामी तयार छौँ तर यो मूलतः स्थानीय तहको दायित्वको कुरा हो । नियमन गर्ने निकायले आफ्नो तर्फबाट काम गर्नुपर्छ, मन्त्री पोखरेले भने ।

# नदीजन्य तथा खानीजन्य पदार्थको उत्खननलाई स्वीकृत मापदण्डबमोजिम गराउन निर्देशन



**काठमाडौं ।**
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन–संकलनलाई स्वीकृत मापदण्ड, वातावरणीय प्रभाव मूल्यांकन तथा प्रचलित कानुनबमोजिम मात्र गराउन सम्बन्धित मन्त्रालय र तहलाई निर्देशन दिएको छ ।
सो कार्यालयले दिएको निर्देशनमा निर्माणमा उपयोग हुने ढुङ्गा, गिटी, बालुवा, माटोलगायत नदीजन्य र खानीजन्य पदार्थको उत्खनन स्थानीय तहबाट हुँदै आएकामा नदीजन्य र खानीजन्य पदार्थको उत्खनन, संकलन, ओसारपसार तथा बिक्रीवितरणलगायत कार्य गैरकानुनी तरिकाले भइरहेको गुनासो र जानकारीप्रति ध्यानाकर्षण भएको जनाएको हो ।
प्रचलित कानुन, मापदण्ड तथा प्राकृतिक स्रोत संरक्षणसम्बन्धी नीतिबमोजिम विकास निर्माण कार्यमा नदीजन्य तथा खानीजन्य पदार्थको अभाव हुन नदिइ यस्ता स्रोतसाधनको अत्यधिक दोहनलाई निरुत्साहित गरी उत्खनन, संकलन, ओसारपसार र उपयोग कार्यलाई व्यवस्थित, पारदर्शी तथा दिगो बनाउन भनिएको छ ।
प्रधानमन्त्री कार्यालयले गृह मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र, सबै मुख्यमन्त्री र स्थानीय तहलाई पत्राचार गरी सो आग्रह गरेको हो ।
जथाभावी उत्खनन, अवैध संकलन तथा अनधिकृत ओसारपसार कार्यलाई पूर्ण रूपमा नियन्त्रण गर्न नियमित गस्ती परिचालन, जोखिम क्षेत्रमा स्थानीयवासी समेतको रोहवरमा अनुगमन तथा अवैध उत्खनन, संकलन तथा ओसारपसार कार्यमा तत्काल प्रहरी प्रशासनबाट नियन्त्रण गर्न निर्देशन दिइएको छ ।
नदी, खोला, वन क्षेत्र, खेतीयोग्य जमिन तथा बस्ती क्षेत्रमा वातावरणीय विनाश नहुनेगरी मात्र उत्खनन कार्य सञ्चालन गर्ने र स्थानीय तहहरूले नदीजन्यवस्तुको उत्खनन समय दैनिक बिहान ६:०० बजेदेखि बेलुका ६:०० बजे तोक्ने गरी आवश्यक व्यवस्था मिलाउने भनिएको छ ।
खानीजन्य पदार्थको उत्खनन तथा प्रयोग गर्दा श्रमिक सुरक्षा, वातावरण संरक्षण तथा स्थानीय समुदायको हितलाई प्राथमिकता दिन, उत्खननबाट प्राप्त राजस्व गुम्न नदिन वास्तविक कारोबार मूल्यमा बीलबिजक जारी हुने अवस्था सुनिश्चित गर्ने तथा कारोबारबिना बीलबिजक जारी गर्ने अवस्थालाई निरुत्साहित गर्न, सम्बन्धित स्थानीय तहले सरोकारवालासँगको समन्वयमा नदी तथा खानीजन्य पदार्थको दिगो उपयोगका लागि जनचेतनामूलक कार्यक्रम तत्काल सञ्चालन गर्न निर्देशन दिइएको छ । सो सम्बन्धमा भएका प्रगति तथा समस्याका सम्बन्धमा गृह मन्त्रालयले प्रत्येक महिनाको पहिलो हप्ता प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन पेस पनि भनिएको छ ।

# यस्तो छ मन्त्रिपरिषद् बैठकका ४ मुख्य निर्णयहरु



**काठमाडौं ।**
शुक्रबार (वैशाख २५) गते बसेको मन्त्रिपरिषद् बैठकका मुख्य निर्णयहरू सार्वजनिक गरिएको छ ।
बैठकले राष्ट्रपति समक्ष संघीय संसद्को दुवै सदनको संयुक्त बैठक वैशाख २८ गते सोमबार अपराह्न ४ बजे सम्बोधन हुने व्यवस्था मिलाउन अनुरोध गर्ने निर्णय गरेको छ।
साथै, सो अवसरमा संघीय संसदका सबै माननीय सदस्यहरूको उपस्थिति सुनिश्चित गर्न आह्वान गर्न पनि सम्बन्धित निकायलाई निर्देशन दिइएको छ।
त्यसैगरी, परराष्ट्र मन्त्रालयअन्तर्गत विदेशस्थित १५ जना नेपाली अनररी कन्सल जनरल तथा कन्सललाई पदमुक्त गर्ने निर्णय गरिएको छ।
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग सम्बन्धित दुई अन्तर्राष्ट्रिय श्रम संगठनका महासन्धिहरू अनुमोदनका लागि संघीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गरिएको छ।

# साहसिक खेलमार्फत कोशीको पर्यटन प्रवर्द्धन गर्छौं



**सुनसरी ।**
कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले साहसिक खेलमार्फत प्रदेशको पर्यटन प्रवद्र्धन गर्दै कोशीलाई अन्तर्राष्ट्रिय खेल तथा पर्यटन गन्तव्यका रूपमा स्थापित गर्ने बताएका छन् । नेपाल प्याराग्लाइडिङ तथा ह्याङग्लाइडिङ सङ्घको आयोजनामा आजदेखि धरानमा सुरु भएको तीनदिने अन्तर्राष्ट्रिय प्याराग्लाइडिङ प्रिमियर लिग प्रतियोगिताको उद्घाटन गर्दै उनले पर्यटन क्षेत्रले प्रदेशको पहिचान निर्माणसँगै राष्ट्रिय आय, पुँजी निर्माण र आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान पु¥याउने उल्लेख गरे ।
मुख्यमन्त्री कार्कीले कोशी प्रदेश हिमाल, पहाड र तराई तीनै भू–भाग समेटिएको प्रदेश भएकाले ‘प्याराग्लाइडिङ’, ‘¥याफ्टिङ’लगायत साहसिक खेलका लागि उपयुक्त गन्तव्य भएको बताए । युवालाई खेलकुदतर्फ आकर्षित गर्दै यस प्रतियोगिताले धरानलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन महत्वपूर्ण योगदान पुग्ने उनले विश्वास व्यक्त गरे । प्रतियोगिता खेलकुदमा मात्र सीमित नभई नेपालको साहसिक पर्यटन प्रवद्र्धन र अन्तरराष्ट्रिय पहिचान विस्तारमा समेत महत्वपूर्ण हुने मुख्यमन्त्री कार्कीले धारणा राखे ।
खेल प्रवद्र्धनका क्षेत्रमा प्रदेश सरकार सधैँ सहयोग गर्न तयार रहेको उल्लेख गर्दै उनले आगामी आर्थिक वर्षमा अन्तरराष्ट्रियस्तरका प्रतियोगिता सञ्चालन गर्नसक्ने गरी बजेट विनियोजन गरिने प्रतिबद्धता व्यक्त गरे ।
प्रदेशको पर्यटन प्रवद्र्धन र भ्रमण वर्षसँग जोडेर यस वर्ष १० भन्दा बढी अन्तरराष्ट्रिय खेल प्रतियोगिता आयोजना गर्ने तयारी भइरहेको जानकारी दिँदै मुख्यमन्त्री कार्कीले नेपालमा प्याराग्लाइडिङजस्तो साहसिक खेलको केन्द्रका रूपमा कोशी प्रदेशको पनि धरानलाई स्थापित गरिने बताए । प्रतियोगितामा नेपाल र भारतका ३२ जना पाइलटको सहभागिता रहेको सङ्घका अध्यक्ष भूपेन्द्र चाम्लिङले जानकारी दिए । प्रतियोगितामा प्रथम हुनेले रु एक लाख ५० हजार, दोस्रो हुनेले रु एक लाख र तेस्रो हुनेले रु ७५ हजार पुरस्कार प्राप्त गर्नेछन् ।

# पूर्वानुमान र विपद् पूर्वतयारीलाई प्रभावकारी बनाउनुपर्छः मन्त्री श्रेष्ठ



**काठमाडौं ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले मौसम पूर्वानुमान र विपद् पूर्वतयारीलाई प्रभावकारी बनाएर क्षति न्यूनीकरण गर्नुपर्नेमा जोड दिएका छन् । जल तथा मौसम विज्ञान विभागद्वारा आज आयोजित राष्ट्रिय मनसुन फोरम कार्यक्रममा उनले जल तथा मौसमसम्बन्धी सूचनाको प्रभावकारी प्रयोगबाट जीउधनको सुरक्षा गर्न सकिने तथा सामाजिक, आर्थिक र भौतिक पूर्वाधारमा हुने क्षति न्यूनीकरण गर्न सहयोग पुग्ने बताए ।
मनसुनजन्य विपद् व्यवस्थापनका लागि पूर्वतयारी कार्ययोजना प्रभावकारी बनाउन मौसम पूर्वानुमानको भूमिका महत्त्वपूर्ण हुने उनको भनाइ छ । कृषि क्षेत्रमा मौसम पूर्वानुमानले बाली व्यवस्थापन, सिँचाइ तथा उत्पादन योजनामा सहयोग पुऱ्याउने बताउँदै मन्त्री श्रेष्ठले जलासय व्यवस्थापन, जलविद्युत् उत्पादन, यातायात, स्वास्थ्य तथा पूर्वाधार व्यवस्थापनमा पनि यसको उपयोगिता बढ्दो रहेको धारणा राखे ।
जलवायु परिवर्तनका कारण मौसम प्रणाली थप अनिश्चित र जटिल बन्दै गएको उल्लेख गर्दै उनले मौसम सेवाको गुणस्तर सुधार गर्न वैज्ञानिक केन्द्रहरूको विस्तार, अनुसन्धान प्रवद्र्धन तथा आधुनिक प्रविधिको प्रयोग आवश्यक रहेको बताए । एआई, मेसिन लर्निङ र आधुनिक ‘अल्गोरिदम’ प्रयोगमार्फत मौसम पूर्वानुमानलाई अझ प्रभावकारी बनाउनेतर्फ मन्त्रालय गम्भीर रहेको उनको भनाइ थियो । मन्त्री श्रेष्ठले मौसम तथा विपद् पूर्वानुमान प्रणालीले सानो सतर्कताबाट पनि ठूलो जनधनको क्षति रोक्न सक्ने उल्लेख गर्दै यस क्षेत्रमा कार्यरत प्राविधिक तथा विभागीय टोलीको प्रशंसा गरे ।

# बचत तथा ऋणको कारोबार गर्न एघार हजार ६०० सहकारी दर्ताको प्रक्रियामा

**काठमाडौं ।**
राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा एघार हजार ६०० सहकारी दर्ताको प्रक्रियामा रहेका छन् । प्राधिकरणले सहकारी क्षेत्रलाई व्यवस्थित, पारदर्शी र विश्वसनीय बनाउने उद्देश्यले देशभर रहेका बचत तथा ऋणलाई मुख्य कारोबारका रूपमा सञ्चालन गर्ने सहकारी संस्थालाई दर्ताको प्रक्रियामा ल्याउन लागेको हो ।




दर्ताका लागि अनलाइन आवेदन दिएका ती सहकारी संस्थामध्ये करिब तीन हजार सहकारीलाई इजाजतपत्र प्रदान गरेको प्राधिकरणले बाँकी आठ हजारको इजाजत 'भेरिफाइ' विवरण रुजु गर्ने तथा अपुग भएका कागजात अध्ययन गर्ने क्रममा रहेका छन् ।

सहकारीमा नियमन, अनुगमन र सुपरीवेक्षणको अभावमा निक्षेपकर्ताको रकम जोखिममा पर्ने क्रम बढेपछि सरकारले एक वर्ष अगाडि प्राधिकरणको गठन गरेको हो । प्राधिकरणका अध्यक्ष डा खगराज शर्माका अनुसार सङ्घ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्रभित्रका सहकारीको अभिलेखीकरण सुरु गरिएको छ । बचत तथा ऋणको मुख्य कारोबार गर्ने देशभरका सम्पूर्ण सहकारीले प्राधिकरणमा दर्ता भएर इजाजत प्राप्त गरेपछि मात्र कारोबार सञ्चालन गर्न पाउने व्यवस्था गरिएको प्राधिकरणका कार्यकारी निर्देशक केशवराज भट्टराईले जानकारी दिए । इजाजत लिन प्राधिकरणमा विवरण पेस गरेका तर कागजात नपुग भएका तीन हजार ६४६ सहकारी छन् ।

सहकारी संस्थाको नियमनलाई प्रभावकारी बनाउनका लागि प्राधिकरणले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थासँग सहकार्यका लागि समझदारीसमेत गरेको छ । उक्त संस्थाले सहकारीको कारोबार तथा वित्तीय अवस्थाको परीक्षणमा सहयोग गर्ने जनाइएको छ ।

# रैथाने असला, सहर तथा कत्ला माछाको संरक्षणका लागि अनुदान स्वीकृत

**काठमाडौँ ।**
सरकारले मध्य त्रिशूली नदी बेसिनमा चिसो पानीमा पाइने लोपोन्मुख रैथाने माछा प्रजातिको संरक्षणका लागि अनुदान सहायता स्वीकार गरेको छ । यही वैशाख २२ गते बसेको मन्त्रिपरिषद् बैठकले असला, कत्ले र सहर जातका रैथाने माछा संरक्षणका लागि अनुदान सहायता कार्यक्रम स्वीकृत गरेको हो ।

विश्व वातावरण सुविधा (जिइएफ) अन्तर्गतको विश्व जैविक विविधता संरचना कोष (जिबिएफएफ)मार्फत प्राप्त हुने करिब कूल एक दशमलव ४५ मिलियन अमेरिकी डलरमध्ये प्राविधिक सहायता खर्च कटौती पश्चात् बाँकी रहने करिब एक दशमलव २७ मिलियन अमेरिकी डलर नेपाल सरकारको सङ्घीय सञ्चित कोषमार्फत प्राप्त हुनेछ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको 'मध्य त्रिशूली नदी बेसिनमा चिसो पानीमा पाइने लोपोन्मुख प्रजातिका माछाको संरक्षण र माछा मार्ने समुदायहरूको दिगो जीविकोपार्जन' नामक परियोजनाका लागि सो रकम सरकारले स्वीकृत गरेको हो । सो कार्यक्रमअन्तर्गत मध्य त्रिशूली नदी बेसिनमा चिसो पानीमा पाइने लोपोन्मुख रैथाने माछा प्रजातिको संरक्षण, पुनःस्थापना तथा स्थानीय माछा मार्ने समुदायको दिगो जीविकोपार्जनमा सहयोग पु¥याइने लक्ष्य राखिएको कृषि मन्त्रालयले जनाएको छ ।

यसअन्तर्गत जैविक विविधतामैत्री अभ्यास विस्तार, सङ्कटापन्न माछा प्रजातिको उत्पादन तथा पुनःस्थापना, एक्वाफार्म स्थापनालगायत कार्य गरिने छ । यो परियोजना नुवाकोट जिल्लाका आवश्यक स्थानीय तहहरूमा सञ्चालन गरिनेछ । परियोजनाको कार्यान्वयन अवधि सन् २०२६ देखि २०२९ सम्म, अर्थात् तीन वर्षको रहने मन्त्रालयले जनाएको छ । रासस

# अमेरिकासँगको खेलमा नेपाल 'ए' टोली विजयी



**काठमाडौं ।**
अमेरिकालाई पराजित गर्दै नेपाल 'ए' टोलीले लगातार दोस्रो जित दर्ता गरेको छ। शुक्रबार भएको अभ्यास खेलमा नेपाल 'ए' टोलीले अमेरिकालाई तीन विकेटले पराजित गरेको हो। यसअघि बिहीबार स्कटल्यान्डसँगको पहिलो अभ्यास खेलमा नेपाल 'ए' टोलीले बिहीबार ४५ रनको जित निकालेको थियो। नेपाल 'ए' टोलीले शनिबार स्कटल्यान्डसँग अभ्यास खेल खेल्नेछ।

शुक्रबार अमेरिकाले दिएको २६३ रनको लक्ष्य नेपाल 'ए' टोलीले पाँच बल अगावै सात विकेटको क्षतिमा भेट्टायो। नेपालका लागि मयन यादवले सर्वाधिक ७२ रनको योगदान दिए।

खेलको ४७औँ ओभरमा पवन सर्राफले लगातार बाउन्ड्री प्रहार गरेपछि नेपाल 'ए' टोलीले अमेरिकामाथि रोमाञ्चक जित निकालेको हो। पवन सर्राफ २४ रनमा अविजित रहे। दिपक डुम्रे दुई रनमा नटआउट रहे।

ओपनर तृतराज दासले २३ र अनिलकुमार शाहले २७ रन बनाए। सन्दीप जोरा ३६ रनमा पेभेलियन फर्के। कुशल मल्ल ३३ र बसिर अहमद १८ रनमा बोल्ड आउट हुन पुगे।

त्यसअघि माथिल्लो मुलपानी क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको अमेरिकाले निर्धारित ५० ओभरमा आठ विकेटको क्षतिमा २६२ रनको योगफल तयार पारेको थियो।

अमेरिकाका लागि ओपनर स्मिथ पटेलले सर्वाधिक ११६ रनको योगदान दिए। जसदीप सिंह ३३ र हरमित सिंह २५ रनमा अविजित रहे। मोनांक पटेलले २०, शुभम रन्जानेले १६, सञ्जय कृष्णमुर्तीले १५ र साइतेजा मुक्कमल्लाले १० रन बनाए।

नेपाल 'ए'का लागि पवन सर्राफले दुई विकेट लिए। विपिन खत्री, शाहब आलम, बसिर अहमद, शेर मल्ल, रासिद खान र नारायण जोशीले समान एक विकेट लिए।

# युद्धविराम तोड्दै इरानमाथि अमेरिकी बमबारी, तेलको भाउमा उछाल

**तेहरान।**
अमेरिकी सेनाले बिहीबार होर्मुज स्ट्रेट नजिक इरानी सैन्य अखडामाथि एयरस्ट्राइक गरेको छ। अमेरिकी सेनाको सेन्ट्रल कमाण्ड (सेन्टकोम) का अनुसार अमेरिकी युद्धपोतहरूमाथि मिसाइल, ड्रोन र साना डुंगामार्फत आक्रमण भएपछि उक्त कारबाही गरिएको हो।



सेन्टकोमले होर्मुज स्ट्रेट हुँदै गइरहेका अमेरिकी युद्धपोतहरूमाथि उक्साहटपूर्ण हमला भएको दाबी गरेको छ। अमेरिकी सेनाले सबै आक्रमण निष्क्रिय पारेपछि जवाफी कारबाहीस्वरूप मिसाइल र ड्रोन प्रक्षेपणस्थल, कमाण्ड सेन्टर तथा निगरानी प्रणालीलाई निशाना बनाएको जनाएको छ ।

अमेरिकी सेनाले आफूले तनाव बढाउन नचाहेको तर आफ्ना सैनिक र सैन्य सम्पत्तिको सुरक्षाका लागि पूर्ण रूपमा तयार रहेको पनि स्पष्ट पारेको छ ।

यता, इरानी सेनाका प्रवक्ताले अमेरिकी एयरस्ट्राइकमा सर्वसाधारण बसोबास गर्ने क्षेत्रलाई समेत निशाना बनाइएको आरोप लगाएका छन्। इरानले यसलाई युद्धविरामको भावनाविपरीत भएको बताएको छ।

रिपोर्टअनुसार होर्मुज क्षेत्र तथा केही बन्दरगाह आसपास विस्फोटका आवाज सुनिएका थिए। तर क्षति र हताहतबारे दुवै देशले विस्तृत विवरण सार्वजनिक गरेका छैनन् ।

तेलको भाउमा उछाल

होर्मुज स्ट्रेटमा अमेरिका र इरानबीच भएको सैन्य झडपपछि विश्व तेल बजारमा ठूलो उछाल आएको छ। ब्रेन्ट क्रुडको मूल्य ७.५ प्रतिशतसम्म बढेर प्रति ब्यारेल १०३.७० डलर पुगेको थियो। पछि एसियाली बजार खुल्दा केही नरम भई मूल्य १०१.१२ डलर प्रति ब्यारेलमा कायम रह्यो।

यससँगै शुक्रबार अमेरिकी तेलको मूल्य पनि बढेको छ। डब्लुटीआई २.५८ प्रतिशत अर्थात् २.४५ डलरले बढेर प्रति ब्यारेल ९७.२६ डलर पुगेको छ। युद्ध सुरुहुनुअघिको अवस्थासँग तुलना गर्दा ब्रेन्ट क्रुडको मूल्य करिब ४० प्रतिशतले वृद्धि भइसकेको छ। बजारमा दैनिक १ करोड ४५ लाख ब्यारेल तेल उत्पादन कमी हुने अनुमान गरिएको छ।

तेलको मूल्यवृद्धिको असर शेयर बजारमा पनि देखिएको छ। शुक्रबार जापानको निक्केई २२५, दक्षिण कोरियाको कोस्पी र हङकङको ह्याङ सेङ सूचकांक १ प्रतिशतभन्दा बढीले घटेका छन्। अमेरिकी बजारमा एस एन्ड पी ५०० सूचकांक पनि ०.४ प्रतिशतले घटेर बन्द भएको छ।

**ट्रम्पको दाबीः अमेरिकी युद्धपोत सुरक्षित**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलेहोर्मुज स्ट्रेट पार गरिरहेका अमेरिकाका तीन डेस्ट्रोयर जहाजमाथि आक्रमण भएको दाबी गरेका छन्।

उनले सामाजिक सञ्जालमार्फत् तीनवटै अमेरिकी युद्धपोत गोलीबारीबीच सुरक्षित रूपमा स्ट्रेट पार गर्न सफल भएको बताएका हुन्।

ट्रम्पले आक्रमणका क्रममा इरानतर्फबाट प्रहार गरिएका मिसाइलहरू सजिलै खसालिएको बताएका छन्। ड्रोनहरू आकाशमै नष्ट गरिएको दाबी पनि उनले गरेका छन्।

यद्यपि, ट्रम्पले आक्रमण कहिले र कहाँबाट भएको भन्नेबारे स्पष्ट जानकारी दिएका छैनन्। इरानले पनि हालसम्म यस विषयमा कुनै आधिकारिक प्रतिक्रिया सार्वजनिक गरेको छैन।

# हर्मुज क्षेत्रमा तनावपछि ट्रम्पको प्रतिक्रियाः स्थिति नजिकबाट निगरानीमा



अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार तीनवटा अमेरिकी नौसेनाका 'डेस्ट्रोयर' हरू सुरक्षित रहेको र कुनै क्षति नभएको जानकारी दिएका छन्। ती युद्धपोतहरू हालै हर्मुज जलडमरूमध्य पार गर्ने क्रममा रहेका थिए ।

राष्ट्रपति ट्रम्पले सामाजिक सञ्जाल ट्रुथ सोसलमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै ती युद्धपोतहरू 'विश्वस्तरीय' भएको उल्लेख गरेका छन् । उनका अनुसार जहाजहरूले सुरक्षित रूपमा आफ्नो यात्रा पूरा गरेको छ ।

अमेरिकी सैन्य स्रोतहरूका अनुसार, सो क्षेत्रमा इरानी पक्षबाट मिसाइल, ड्रोन तथा साना जहाजमार्फत अमेरिकी नौसैनिक जहाजहरूलाई लक्षित गरिएको थियो । तर अमेरिकी सेनाले ती आक्रमणहरूलाई सफलतापूर्वक रोक्दै आवश्यक प्रतिकारात्मक कारबाही गरेको बताइएको छ ।

राष्ट्रपति ट्रम्पले अमेरिकी जहाजहरूमा कुनै क्षति नभएको स्पष्ट पार्दै इरानी आक्रमणकारीहरूलाई भने उल्लेखनीय क्षति पुगेको दाबी गरेका छन् । साथै, उनले भविष्यमा यस्ता गतिविधि दोहोरिए अझ कडा र प्रभावकारी प्रतिक्रिया दिइने चेतावनी पनि दिए ।

उनले इरानलाई छिटो कूटनीतिक सम्झौता गर्न आग्रह गर्दै, भविष्यमा थप कडा कदम चालिन सक्ने संकेत पनि गरेका छन् । हर्मुज जलडमरूमध्य विश्वको अत्यन्त महत्वपूर्ण तेल आपूर्ति मार्ग मानिन्छ ।

पछिल्लो समय यस क्षेत्रमा देखिएको तनावले अन्तर्राष्ट्रिय सुरक्षा तथा ऊर्जा आपूर्तिमा चिन्ता बढाएको छ । अमेरिकी अधिकारीहरूले आफ्नो सेनालाई सुरक्षा गर्न पूर्ण रूपमा सक्षम रहेको जनाउँदै, परिस्थितिलाई थप जटिल बनाउन नचाहेको पनि स्पष्ट पारेका छन् । यसैबीच, यस क्षेत्रको अवस्थालाई लिएर अन्तर्राष्ट्रिय समुदायले समेत नजिकबाट निगरानी गरिरहेको बताइएको छ ।

# बागलुङका एक लाख ३६ हजार पशुलाई खोप

**गलकोट।**
बागलुङका ६ स्थानीय तहका एक लाख ३६ हजार ७८१ पशुलाई विभिन्न रोगविरुद्धको खोप लगाइएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय बागलुङले कृषकका घर तथा खर्क र चरनक्षेत्रमै पुगेर पशुलाई खोप लगाएको हो ।



ढोरपाटन र गलकोट नगरपालिका, निसीखोला, तमानखोला, बडिगाड र ताराखोला गाउँपालिकाका गाई, भैँसी, बाख्रा, भेडा, बङ्गुर र कुकुरलाई विभिन्न रोगको खोप लगाइएको हो ।

छ स्थानीय तहका कुकुरलाई समेत खोप लगाइएको भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयका प्रमुख डा ऋषिराम सापकोटाले बताए । उनका अनुसार १७ हजार ३६५ गाई, २७ हजार ५२ भैँसी र ८३० बङ्गुरलाई खोरेतविरुद्धको खोप लगाइएको छ ।

खोरेत रोगका कारण पशुको मुखभित्र, खुट्टा र स्तनमा फोका आउने तथा दूध उत्पादन घट्दा कृषकलाई हानी भएको छ । आर्थिक क्षतिको रोकथाम गर्दै पशुको रोग प्रतिरोधात्मक क्षमता विकास गर्ने तथा दूध, मासु र प्रजनन क्षमतामा समेत वृद्धि गराउने उद्देश्यका साथ अभियान सञ्चालन गरिएको प्रमुख डा सापकोटाले बताए।

खोप लगाउँदा पशुको शरीरमा एन्टिबडी बन्ने भएकाले खोरेत भाइरसविरुद्ध प्रतिरोध हुने, विभिन्न जोखिम कम गर्ने, किसानलाई नोक्सानीबाट बचाउने र उत्पादनमा समेत वृद्धि हुने उहाँको भनाइ छ । त्यसैगरी, ६९ हजार ४८४ बाख्रा र १३ हजार ३७९ भेडालाई पीपीआर खोप लगाइएको प्रमुख डा सापकोटाले बताए।

घातक रोगबाट बचाएर पशुपालनमा हुनसक्ने आर्थिक नोक्सानीलाई रोक्न ढोरपाटन र निसीखोलाका चरन क्षेत्रमै पुगेर खोप लगाइएको छ । खोप लगाएपछि भेडाबाख्रामा उच्च ज्वरो, आँखा र नाकबाट पानी झर्ने, मुखभित्र घाउ र दादुरा, खाना खान नसक्ने, पखाला र निमोनिया तथा विभिन्न कारणले हुनसक्ने मृत्युको दरसमेत घट्ने प्रमुख डा सापकोटाले बताए।

पश्चिम बागलुङका घरपालुवा र सामुदायिक गरेर सात हजार ७७४ कुकुरलाई रेविजविरुद्धको खोप लगाइएको छ । रेविजविरुद्धको खोप कुकुरलाई लगाएपनि यसबाट मानिसलाई समेत घातक रोगबाट बचाउने उद्देश्यका साथ खोप लगाइँदै आएको छ । कुकुरलाई लगाइने यो खोपले कुकुरको रेविज रोक्ने, मानिस र समाजलाई समेत सुरक्षित राख्न मद्दत गर्दछ ।

त्यसैगरी ८९७ बङ्गुरलाई अत्यन्तै सङ्क्रामक रोग नियन्त्रणका लागि लगाइने सिएसएफ खोप लगाइएको छ । चौबीस महिला र २५ पुरुष खोपकर्ता खटाएर कृषकका घरदैलोमै पुगेर खोप अभियान सम्पन्न गरिएको प्रमुख डा सापकोटाले बताए । पहिलो चरणको अभियानमा पश्चिम बागलुङका ६ स्थानीय तहमा खोप अभियान सम्पन्न गरेर दोस्रो चरणको अभियान बागलुङ नगरपालिका, काठेखोला गाउँपालिका, जैमिनी नगरपालिका र बरेङ गाउँपालिकामा यही वैशाख १ गतेदेखि सञ्चालन गरिएको उनले जानकारी दिए । वैशाख मसान्तसम्ममा अभियान सञ्चालन भइरहेका बाँकी चार स्थानीय तहका सबै पशुलाई खोप लगाइने छ । सो कार्यका लागि ३५ प्राविधिक वडा–वडामा खटिएका छन् ।

# हिमाल आरोहणप्रति विदेशीको आकर्षण बढ्दो




**काठमाडौँ ।**
वसन्त ऋतु हिमाल आरोहणको मौसम अर्थात स्वदेशी तथा विदेशी आरोहीहरुका लागि हिमाल आरोहण गर्ने समय । कतिपय नयाँ आरोहीहरु आरोहणका लागि तयारी गर्दैछन् भने कोही विगतमा आफूले राखेका वा अन्य आरोहीका रेकर्डहरु तोड्दै नयाँ कीर्तिमानहरु राख्न आतुर देखिन्छन्। नेपाल पर्यटन बोर्डले छ हजार ५०० मिटरभन्दा उचाइका हिमाल आरोहणलाई अनुमति दिँदै आएको छ भने नेपाल पर्वतारोहण सङ्घ (एनएमए)ले भने पाँच हजार ८०० देखि छ हजार ५०० उचाइका २७ हिमाललाई आरोहण अनुमति दिँदै आएको छ।

यसपटक सेभेन समिट ट्रेक्सबाट मात्र ८५ जनाले सगरमाथा आरोहण गर्दैछन् । सगरमाथा आरोहणका लागि ४६४ जनाले अनुमति लिएकोमा सेभेन समिटबाट मात्र ८५ जना रहेको यसका सञ्चालक मिङ्मा शेर्पाले बताइन् । सेभेन समिटले लामो समयदेखि विभिन्न देशका आरोहीलाई सगरमाथा आरोहण गराउँदै आएको छ। यसबाहेक इलाइट एक्सिपिडिसन, ट्याग नेपाल, इम्याजिङ नेपाल एक्सिपिडिसन, हिमालयन गाइड एक्सिपिडिसन, आठ के एक्सिपिडिसनलगायतले विदेशी आरोहीलाई सगरमाथा आरोहण गराउँदै आएका छन् ।

प्राकृतिक सम्पदाले धनी देश नेपालमा विश्वको सर्वोच्च शिखर सगरमाथा रहेको छ । विश्वमा आठ हजार मिटरभन्दा अग्ला १४ हिमाल रहेकोमा नेपालमा मात्र आठ वटा पर्दछन् । हिमालैहिमालको देश नेपालमा हिमाल चढ्नकै लागि पनि बर्सेनि हजारौँ आरोही आउने गरेका छन् । यस वर्षको वसन्त ऋतुमा हिमाल आरोहण गर्न एक हजार ७२ आरोहीले अनुमति लिएका छन् ।

पर्यटन विभागका अनुसार वसन्त ऋतुमा विभिन्न हिमाल आरोहणका लागि सन् २०२६ को मार्च १ देखि आजसम्म ७९ देशका एक हजार ७२ आरोहीले अनुमति लिएका हुन् । अनुमति लिनेमा ८११ पुरुष र २६१ महिला रहेका छन् । हिमाल आरोहण अनुमति लिने सङ्ख्या अझै थपिनसक्ने विभागले जनाएको छ । गत वर्ष वसन्त ऋतुमा हिमाल आरोहणका लागि एक हजार १४० जना आरोहीले आरोहण अनुमति लिएका थिए। उक्त आरोहण अनुमति दिएवापत नेपालले रु ७९ करोड ४७ लाख रुपैयाँ राजस्व सङ्कलन गरेको थियो । यस्तै सन् २०२४ मा ९९१ जनाले हिमाल आरोहण अनुमति लिएका थिए।

नेपाल पर्वतारोहण सङ्घ (एनएमए)का महासचिव राजेन्द्र लामा कोरोना महामारीपछि नेपालको हिमाल आरोहणका लागि विदेशी आरोहीको आकर्षण बढेको बताउँछन् । एनएमएले अनुमति प्रदान गर्ने पाँच हजार ८०० देखि छ हजार ५०० उचाइका २७ हिमाल आरोहणका लागि पनि विदेशी आरोहीको हुटहुटी बढेको उनको भनाइ छ ।

महासचिव लामाका अनुसार सङ्घले सन् २०२४ को जुलाईदेखि २०२५ को जुलाईसम्म दुई हजार २०४ परमिट जारी गरेको छ। जसबाट एनएमएले रु १६ करोड हाराहारीमा राजस्व सङ्कलन गरेको छ । यस्तै, सन् २०२५ को जुलाईदेखि हालसम्म दुई हजार २५ जनालाई परमिट जारी गरेको छ । उक्त परमिट जारी गरेबापत एनएमएले रु २० करोडभन्दा बढी राजस्व सङ्कलन गरेको छ ।

यस वर्ष वसन्त ऋतुका लागि सर्वाधिक अनुमति सर्वोच्च शिखर सगरमाथाका लागि आएको छ । सगरमाथा आरोहणका लागि मात्र हालसम्म ५५ देशका ४६४ आरोहीले अनुमति लिएको पर्यटन विभागका निर्देशक निशा थापा राउतले जानकारी दिइन्। सगरमाथा आरोहणका लागि अनुमति लिनेमा ३६४ पुरुष र १०० महिला रहेका छन् । विभिन्न हिमाल आरोहणका लागि अनुमति लिनेमा सबैभन्दा बढी चिनीयाँ आरोही रहेका छन्। चीनबाट मात्र १३९ जना आरोहीले आरोहण अनुमति लिएको निर्देशक राउतले बताइन्। यसबाहेक, अमेरिकाबाट १३२, भारतबाट पाँच, बेलायतबाट ७२, जर्मनीबाट ६९, रुसबाट छ, क्यानडाबाट ३९, जापानबाट ३५, फ्रान्सबाट २६, अष्ट्रेलिया २४ र युक्रेनबाट २३ जनाले अनुमति लिएका छन्। यस्तै पोल्याण्डबाट ३१, नेपालबाट १७, अर्जेन्टिनाबाट १३, आयरल्याण्डबाट १४, चेक रिपब्लिकबाट १७, इक्वेडरबाट १०, ब्राजिलबाट नौ जनाले आरोहण अनुमति लिएको विभागले जनाएको छ ।

सरकारले सर्वोच्च शिखर सगरमाथासहितका विभिन्न २९ हिमाल तथा चुली आरोहणका लागि अनुमति दिएको हो । विभागका निर्देशक राउतका अनुसार सगरमाथाका लागि ४६४, ल्होत्से १११, आमदब्लम १०४, अन्नपूर्ण चार १३, धौलागिरी ३०, सरीबुङ १८, अन्नपूर्ण १ का लागि २७, थोराङ पिक १४, मकालु ७२, नप्तसे ५२, हिमलुङ हिमाल ४६, कञ्चनजङ्गा ३६, बरुण १२ जनाले अनमुति लिएका छन्।

पछिल्लो समय पश्चिम एसियामा जारी द्वन्द्वका कारण नेपालको पर्यटन क्षेत्रमा प्रभाव परेको भए पनि हिमाल आरोहणका लागि भने उत्साहजनक सहभागीता देखिएको छ । यस वर्षको हिमाल आरोहणका लागि अनुमति लिएका आरोहीबाट विभागले रु एक अर्ब १७ करोड ५५ लाख नौ हजार २५९ राजस्व सङ्कलन गरेको छ । विभागले सबैभन्दा धेरै सगरमाथाबाट रु एक अर्ब एक करोड २८ लाख २३ हजार ९२५ राजस्व सङ्कलन गरेको छ । यस्तै ल्होत्सेबाट रु चार करोड ९७ लाख ७१ हजार ६५०, मकालुबाट रु तीन करोड १७ लाख ८५ हजार ८००, आम दब्लमबाट रु एक करोड ५५ लाख ४५ हजार ५५०, धौलागिरी–१ बाट रु एक करोड ३४ लाख ५४ हजार ५५०, अन्नपूर्ण–१ बाट रु एक करोड २० लाख ४९ हजार १७५, कञ्चनजङ्गाबाट रु एक करोड ६० लाख ८१ हजार ६५० राजस्व सङ्कलन भएको छ ।

विभिन्न हिमाल आरोहणका लागि आरोहीहरु गन्तव्यतर्फ लाग्ने क्रम सुरु भएको छ । कतिपय आरोही भने हाल सगरमाथा आधार शिविरमा पुगिसकेका छन्। सगरमाथा आरोहणका लागि अहिले डोरी टाँग्ने काम भइरहेको छ । सगरमाथा आरोहणलाई सहज बनाउनका लागि अहिले सगरमाथा प्रदूषण नियन्त्रण समितिले बेस क्याम्पबाट आइसफल हुँदै क्याम्प दुईसम्म डोरी टाँग्ने काम गरिरहेको छ। समितिका प्रमुख कार्यकारी अधिकृत छिरिङ शेर्पा सगरमाथा बेस क्याम्पबाट आइसफल हुँदै क्याम्प दुईसम्मको बाटो बनाउने काम सम्पन्न भइसकेको बताउँछन्।

यस्तै क्याम्प दुईदेखि सगरमाथा चुचुरोसम्म डोरी टाँग्ने काम भने पर्वतारोहण सञ्चालक सङ्घ नेपालले गर्दै आएको छ । सङ्घ नेपालका अध्यक्ष डम्बर पराजुलीले अहिले क्याम्प–३ सम्म डोरी टाँग्ने काम सम्पन्न भइसकेको बताए। "मौसमका कारण क्याम्प तीनदेखि सगरमाथा चुचुरोसम्म डोरी टाँग्नका लागि समस्या भइरहेको छ", अध्यक्ष पराजुलीले भने।

अध्यक्ष पराजुली मौसम राम्रो भएमा अबको चार÷पाँच दिनमा सगरमाथा चुचुरोसम्म डोरी टाँग्ने काम सकिने बताउँछन्। मौसमका कारण गत वर्षको तुलनामा यस वर्ष सगरमाथा आरोहणका लागि बाटो बनाउने र डोरी टाँग्ने काम केही ढिला भएको उहाँको भनाइ छ । अझै क्याम्प–४ हुँदै सगरमाथा चुचुरोसम्म डोरी टाँग्ने काम बाँकी नै रहेको अध्यक्ष पराजुलीले बताए।

हिमाल आरोहणका लागि आएका आरोही र पदयात्रीको स्वास्थ्य जाँचका लागि हिमालयन उद्धार सङ्घले सगरमाथा आधार शिविर र फेरिचेमा चिकित्सकको टोली खटाइसकेको छ। हिमालय उद्धार सङ्घका प्रमुख कार्यकारी अधिकृत गोविन्द बस्याल हिमाल आरोहण गर्न जाने आरोही र तीनका सहयोगीको स्वास्थ्यजाँचका लागि तालिमप्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीको टोली सगरमाथा क्षेत्रमा परिचालन गरिसकेको बताउँछन्।

आरोहीको स्वास्थ्य जाँचका लागि सगरमाथा आधार शिविरमा अष्ट्रेलियाली चिकित्सक सामन्था एलिसन विल्स, नेपाली चिकित्सक पिन्स सिंह र सहयोगीका रुपमा लाक्पा नोर्बु शेर्पा खटिएका छन् । यस्तै फेरिचे स्वास्थ्यचौकीमा अष्ट्रेलियाली चिकित्सक रेबेका एलेन कारपेन्टर, अमेरिकाका डा. केटलिन ब्रुक हार्पर, नेपाली चिकित्सक आकृति सिंह र सहयोगीका रुपमा आङ दावा शेर्पा र थानेश्वर भण्डारी खटिएका सिइओ बस्याल बताउँछन्।

विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण २०० जेठ १६ (सन् १९५३ मे २९ देखि सुरु भएको हो। सगरमाथाको पहिलो आरोही न्युजिल्याण्डका सर एडमन्ड हिलारी र नेपालका तेन्जिङ नोर्गे शेर्पाले बताए । उनीहरुले पहिलोपटक सगरमाथाको चुचुरोमा पाइला टेकेको दिनलाई सगरमाथा दिवसका रुपमा मनाइँदै आइएको छ । रासस

# सरकारी जग्गाको अतिक्रमण विवरण खोजिँदै



**तनहुँ ।**
तनहुँमा सरकारी तथा सार्वजनिक जग्गाको अतिक्रमणको विवरण अद्यावधिक गरिने भएको छ । प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीको अध्यक्षतामा बसेको जिल्लास्थित सुरक्षा निकाय, स्थानीय तह तथा अन्य सरोकारवालाको बैठकले सरकारी तथा सार्वजनिक जग्गाको अतिक्रमणको विवरण अद्यावधिक गर्ने र विवरण अद्यावधिक भएअनुसारको प्रगति जिल्ला प्रशासन कार्यालयमा पेस गर्ने निर्णय गरेको छ ।

जिल्लामा रहेका सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी बसेका घरपरिवार मध्येको वास्तविक सुकुम्वासी हुन् र को होइनन् भन्ने पहिचान सम्बन्धित स्थानीय तहले गर्ने प्रमुख जिल्ला अधिकारी तिवारीले बताए।

उनका अनुसार वास्तविक पहिचान गरिएका सुकुम्वासीलाई तत्काल अन्य व्यवस्थापन सुरक्षित आवास, स्वस्थ खानपान, गोपनीयताको संरक्षण, औषधि उपचार तथा परामर्श, महिला तथा अपाङ्गतामैत्री आवास कक्ष, सुरक्षा प्रबन्ध लगायतको तयारी सम्बन्धित स्थानीय तहहरूले गर्ने निर्णय भएको छ । यस्तै, वास्तविक सुकुम्वासीलाई व्यवस्थापन गर्ने योजनासहित आवश्यक सुरक्षा प्रबन्धका लागि स्थानीय तहहरूले जिल्ला प्रशासन कार्यालयमा माग गर्नसक्ने निर्णय भएको छ । जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालयसँगको समन्वयमा जग्गाको अतिक्रमण हटाउन आवश्यक सुरक्षाको प्रबन्ध गर्ने प्रमुख जिल्ला अधिकारी तिवारीले बताए। प्रजिअ तिवारीले जिल्लास्थित विभिन्न स्थानमा रहेका सार्वजनिक तथा सरकारी जग्गाको नयाँ अतिक्रमणमा कडाइका साथ रोक लगाइने बताए ।

# महिलाको प्रतिनिधित्व ५० प्रतिशत पुऱ्याउन माग



**काठमाडौं ।**
महिला अधिकारकर्मी तथा सरोकारवालाहरुले जेन–जी आन्दोलनपछि निर्मित बलियो सरकारले महिलाको प्रतिनिधित्व बढाएर ५० प्रतिशत पु¥याउनुपर्ने बताएका छन् । शुक्रबार संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (युएनएफपीए) र सञ्चारिका समूह नेपालले संयुक्त आयोजनामा 'लैङ्गिक समानता प्रवद्र्धन तथा लैङ्गिक हिंसा अन्त्यका लागि आगामी रणनीतिक विषयमा अन्तरक्रिया' कार्यक्रममा युवा नेतृत्वले महिलाको प्रतिनिधित्व बढाएर विश्वमा नमूना पेश गर्नुपर्ने माग राखेका हुन् ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्यसम्बन्धी संयुक्त राष्ट्रसंघीय समिति महिलाविरुद्धको विभेद उन्मूलन कमिटी (सीड) की सदस्य वन्दना राणाले नेपालको जेन–जी आन्दोलनले विश्वको ध्यान केन्द्रित गरेको बताइन् । उनले कार्यक्रममा भनिन्, 'अन्य देशमा जेन–जी आन्दोलन असफल भयो । तर, नेपालमा सफल मात्रै भएन । सरकार ढालेरै आफूले नेतृत्व लियो ।

यति बलियो नेतृत्वले महिलाको प्रतिनिधित्वलाई ३३ प्रतिशतबाट बढाएर ५० प्रतिशत पु¥याउनुपर्छ ।'

नेपालले महिला प्रतिनिधित्व बढाएर 'ग्लोबल रेकर्ड' बनाउनुपर्नेमा उनले जोड दिइन् । साथै, महिलामाथि हुने हिंसा डिजिटलमा रुपान्तरण भएको समयमा सामाजिक सञ्जालको नियमनमा पत्रकार, वकिल र नागरिक समाजले मुख्य भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिइन् । अन्तरक्रिया कार्यक्रममा महिला, कानुन र विकास मञ्चका अध्यक्ष तथा अधिवक्ता सविन श्रेष्ठले लैङ्गिक हिंसामा मुख्य यौन र प्रजनन् स्वास्थ्यको विषयमा जोड दिनुपर्ने उल्लेख गरेका छन् ।

उनले राज्यलाई जनसंख्या बढाउन र घटाउन आवश्यक परेमा महिलाकै प्रयोग हुने गरेको बताएका छन्, 'कति जना बच्चा पाउने महिलाको इच्छाको कुरा हो । तर सरकारले नै जनसङ्ख्या आवश्यक पर्दा र नपर्दा महिलामाथि विभिन्न नीति नियम लागू गरेको देखिन्छ । महिलामाथि राज्यले नै हिंसा गरिरहेको छ ।' नेपाल प्रहरीको तथ्याकं अनुसार ९१ प्रतिशत हिंसा चिनजानकै व्यक्तिबाट हुने गरेको छ ।

नेपालमा हुने कूल हिंसाको आधारमा २९ प्रतिशत लैङ्गिक हिंसा हुने गरेको छ । त्यसैगरी, श्रेष्ठले नेपालमा अझैपनि गोप्य रुपमा 'सरोगेट' हुने गरेको खुलासा गरे । जसले महिलाको प्रजनन् अधिकारमाथि अर्को समूहले हस्तक्षेप गरेको उनको भनाइ छ ।

त्यसैगरी 'लिभिङ टुगेदर' को सम्बन्धमा पनि महिलाहरु अत्यधिक शोषणमा परेका कारण कानूनी जटिलतालाई सम्बोधन गर्नुपर्ने माग गरे । त्यसैगरी, वरिष्ठ अधिवक्ता मिरा ढुङगानाले नेपालमा महिलाको लागि प्रशस्त कानून बनेको भएपनि न्याइको पहूँचमा पीडित पुग नसकेको गुनासो गरेकी छिन् ।

उनले भनिन्, 'कानूनको जटिलताको कारण महिलाहरु अदालत त परै जाओस् । पीडित प्रहरीकोमा उजुरी दिनसमेत पुग्न सकेका छैनन् । ठूलाठूला अपराधमा पनि महिलाहरु मेलमिलाप गर्न बाध्य छन् । यो सबै कानूनी साक्षरताको अभाव हो ।'

# वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन व्यवस्थित गर्न अपिल



**अर्घाखाँची ।**
वनक्षेत्रको संरक्षण तथा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन वन अतिक्रमण नियन्त्रण र व्यवस्थापन व्यवस्थित गर्नुपर्नेमा जोड दिइएको छ । नेपाल वन प्राविधिक सङ्घ लुम्बिनी प्रदेशले प्रदेशका विभिन्न जिल्लामा वन अतिक्रमणका घटना बढ्दै गएको पाइएकाले सम्बन्धित निकायहरूबीच समन्वय तथा सहकार्य गरी अतिक्रमण नियन्त्रण अभियान सञ्चालन गर्नुपर्ने बताएको हो ।

सङ्घ अध्यक्ष केशर खड्काले सार्वजनिक अपिल जारी गरी प्रदेशभित्रका सम्पूर्ण सरकारी तथा गैरसरकारी निकाय, स्थानीय तह, सुरक्षा निकाय, वन उपभोक्ता समूह, सरोकारवाला सङ्घसंस्था तथा आम नागरिकहरूलाई वन अतिक्रमण नियन्त्रण तथा वन संरक्षण अभियानमा सक्रिय सहयोग तथा सहभागिताका लागि अनुरोध गरेको छ । साथै वनक्षेत्र अतिक्रमण गरी बसोवास वा उपयोग गरिरहनुभएका व्यक्तिहरूलाई स्वेच्छिक रूपमा अतिक्रमण छाडी वन संरक्षण कार्यमा सहयोग पु¥याइदिन अनुरोधसमेत गरेको छ ।

वन क्षेत्रको अतिक्रमण आज वन विनाश तथा वनक्षेत्र ह्रासको प्रमुख कारणको रूपमा देखापरेको छ । वनक्षेत्रमा अनधिकृत बसोबास, खेतीपाती तथा अन्य प्रयोजनका लागि गरिने अतिक्रमणका कारण प्राकृतिक स्रोतसाधन, जैविक विविधता, वन्यजन्तुको वासस्थान तथा वातावरणीय सन्तुलनमा गम्भीर असर परेको छ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक सुनिश्चित गरेको सन्दर्भमा वनक्षेत्रको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्नु राज्य, समुदाय तथा सम्पूर्ण नागरिकको साझा दायित्व हो ।

विज्ञप्तिमा भनिएको छ, प्रचलित वनसम्बन्धी कानुनअनुसार वन अतिक्रमण दण्डनीय कार्य हो । नेपाल सरकारबाट प्राप्त निर्देशन बमोजिम वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्पूर्ण वन प्राविधिक, सुरक्षानिकाय, स्थानीय तह तथा सम्बन्धित सरोकारवालाहरू एकजुट भई अभियान सफल बनाउन सक्रिय रूपमा लाग्नुपर्ने आवश्यकता रहेको छ । वन संरक्षण नै वातावरण संरक्षण, जैविक विविधता संरक्षण तथा भावी पुस्ताको सुरक्षित भविष्यको आधार भएकाले वन संरक्षण अभियानमा सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा गरिएको छ ।

# राष्ट्रिय सतर्कता केन्द्रद्वारा मालपोत कार्यालय जनकपुरमा छड्के अनुगमन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय सतर्कता केन्द्रले मालपोत कार्यालय जनकपुरमा छड्के अनुगमन गरेको छ । सेवाप्रवाह, कर्मचारी उपस्थिति तथा कार्यालयीय अनुशासनको अवस्थाबारे जानकारी लिन गरिएको अनुगमनका क्रममा १२ जना कर्मचारी कार्यालय समयमा ढिलो उपस्थित भएको पाइएको छ ।

कार्यालय समय बिहान ९ बजे तोकिए पनि केही कर्मचारी निर्धारित समयभन्दा ढिलो कार्यालय पुगेका थिए । अनुगमन टोलीले कर्मचारी उपस्थिती विवरण, हाजिरी र सेवाग्राहीलाई दिइने सेवाको अवस्थाबारे समेत निरीक्षण गरेको जनाएको छ ।

अनुगमनका क्रममा सेवाग्राहीले लामो समयसम्म लाइन बस्नुपर्ने, केही शाखामा कामको चाप बढी रहेको तथा सेवाप्रवाहलाई अझ प्रभावकारी बनाउन आवश्यक रहेको सुझावसमेत प्राप्त भएको बताइएको छ ।

राष्ट्रिय सतर्कता केन्द्रले सरकारी कार्यालयहरूमा सुशासन, पारदर्शिता र कर्मचारी अनुशासन कायम गर्न नियमित रूपमा अनुगमनलाई तीव्र बनाइएको जनाएको छ । साथै कार्यालय प्रमुखलाई कर्मचारीको नियमित उपस्थिति तथा सेवाप्रवाह सुधार गर्न आवश्यक निर्देशनसमेत दिइएको स्रोतले जनाएको छ ।

अनुगमनमा कार्यालय समयमा अनुपस्थित वा ढिलो उपस्थित भएका कर्मचारीमाथि आवश्यक छानबिन गरी प्रचलित नियमअनुसार कारबाही प्रक्रिया अगाडि बढाइने जनाइएको छ ।

# ‘भूमि विषयका विज्ञबाट भूमि समस्या समाधान गराउँछौँ’

**काठमाडौँ ।**
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलले भूमि विषयका विज्ञको समितिले यससम्बन्धी समस्या समाधान गर्ने बताएकी छन् ।

प्रतिनिधिसभा, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको शुक्रबारको बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका विषयको छलफलमा उनले विगतमा विज्ञ राख्नुपर्ने भूमि समस्या समाधान आयोगमा राजनीतिक मानिस राखिएका कारण समस्या समाधान नभएको बताइन् । अहिलेको सरकारले विज्ञ संलग्न समिति गठन गरेर यो समस्या समाधान गर्ने मन्त्री रावलको प्रतिबद्धता थियो ।

‘सहकारीका पीडित बचतकर्तालाई दिन लागिएको रु २५ करोडको बजेट हामी सरकारमा आएर व्यवस्था गरेका होइनौँ, यो गत वर्ष जेठ १५ गते संसद्मा प्रस्तुत भएको बजेटकै पैसा राखेर चक्रीय कोष बनाएका हौँ, हामीले केही नयाँ गरेका छैनौँ, पुरानै कार्यक्रमको निरन्तरता हो,’ उनले भनिन् ।

समस्याग्रस्त सहकारीको ऋण असुली गर्न १५ दिने सूचना निकाल्दा धेरै ऋणी सम्पर्कमा आएको मन्त्री रावलले बताइन् । नआउनेको नाम सार्वजनिक गरेपछि थप ऋणी सम्पर्कमा आएर ऋण तिर्ने वातावरण बनेको बैठकमा उनले जानकारी गराइन् ।

अव्यवस्थित बसोवासीका सन्दर्भमा पहिचान र व्यवस्थापनविना केही नगरिने उल्लेख गर्दै मन्त्री रावलले डोजर आतङ्क भनी अतिरञ्जित गरिएको गुनासो गरे । पीडित नभई पीडितका आडमा विभिन्न गतिविधि गर्नेहरूमात्र डराउनुपर्ने उनको भनाइ थियो । भइरहेको संरचनालाई प्रयोग गरेर नै भूमि समस्या समाधान गरिने र यसका लागि शुक्रबारै भूमि व्यवस्था र शहरी विकास मन्त्रालयको बैठक बस्न लागेको जानकारी पनि सो अवसरमा मन्त्री रावलले गराएकी थिइन् ।

बैठकमा सभापति अशोककुमार चौधरीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद केपी खनालको संयोजकत्वमा आन्तरिक कार्यविधि अध्ययन उपसमिति गठन गरिएको जानकारी गराएका थिए । उपसमितिमा नेपाली कांग्रेसका सन्तोष सुब्बा, नेपाल कम्युनिष्ट पार्टी (एमाले) का लक्ष्मीप्रसाद पोखरेल, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का प्रेमबहादुर वयक र राष्टिय प्रजातन्त्र पार्टी (राप्रपा) का ताहिर अलि भाट सदस्य रहेको जानकारी उनले गराएका थिए ।

बैठकमा सांसदहरू उमेश ढकाल, उत्तमप्रसाद पौडेल, लक्ष्मीप्रसाद पोखरेल, सुरेशकुमार चौधरी, शम्भुप्रसाद ढकाल, केपी खनाल, वासुमाया तामाङ, आशिका तामाङ, सन्तोष सुब्बा, समिना मियाँ, ताहिर अलि भाट, राजीव खत्री, सुजाता तामाङ, पुनम अग्रवाल, माधवबहादुर थापा, प्रेमबहादुर वयक, गङ्गालक्ष्मी अवाललगायतले भूमिसम्बन्धी देशका विभिन्न स्थानमा देखिएका समस्या समाधान हुनुपर्ने, सहकारी पीडितको बचत रकम छिटो फिर्ता गरिनुपर्ने, बचतकर्ताको बचत रकम अपचलन गर्ने सहकारीका सञ्चालक, कर्मचारीलगायतलाई कानूनी कारबाहीको दायरामा ल्याउनुपर्ने, गुठीका क्षेत्रमा देखिएका समस्या समाधान गर्नुपर्ने माग गरेका थिए ।

मन्त्रालयका सचिव मदन भुजेलले सहकारी क्षेत्रमा देखिएका समस्या समाधानकै लागि अध्यादेशबाट सहकारी ऐन, २०७४ संशोधन गरिएको जानकारी दिए । सहकारीको कर्जा असुलीलाई तीव्रता दिएको, गुठीका क्षेत्रमा देखिएका समस्या समाधानका लागि नयाँ गुठी ऐन मस्यौदा गर्न लागिएको उनले बताए । मन्त्रालयका सहसचिव गोविन्दप्रसाद रिजाल र भूमि व्यवस्थापन तथा अभिलेख विभागका महानिर्देशक शिव रेग्मीले सहकारी र भूमि व्यवस्थापनका क्षेत्रमा भइरहेका थप कामका बारेमा सांसदहरूलाई जानकारी गराएका थिए ।

# गंगासागरबाट हटाइएका फुटपाथ व्यवसायीलाई व्यवस्थापन गरिँदै

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
गंगासागर पोखरी आसपासबाट हटाइएका फुटपाथ व्यवसायीहरूको व्यवस्थापनका लागि निजी स्तरबाट पहल सुरु गरिएको छ । जनकपुर कपडा तथा रेडिमेड व्यवसायी महासंघका उपाध्यक्ष सुनिलकुमार साहको अगुवाइमा विस्थापित व्यवसायीलाई वैकल्पिक स्थान उपलब्ध गराउने तयारी थालिएको हो ।

साहका अनुसार जनकपुरधामको सौन्दर्यीकरणका लागि फुटपाथ व्यवसाय हटाउने निर्णय आवश्यक भए पनि प्रभावित व्यवसायीको उचित व्यवस्थापन हुनुपर्ने आवश्यकता महसुस गरिएको छ । यही उद्देश्यले निजी तवरबाट जग्गा लिजमा लिएर व्यवसायीलाई व्यवस्थित रूपमा स्थानान्तरण गर्ने योजना अघि बढाइएको उनले बताए ।

उनका अनुसार नयाँ स्थानमा ८० भन्दा बढी फुटपाथ व्यवसायीलाई व्यवस्थापन गर्ने तयारी गरिएको छ । व्यवसाय सञ्चालनलाई सुरक्षित र व्यवस्थित बनाउन सुरक्षागार्डको व्यवस्था गर्नुका साथै सीसी क्यामेरा जडान गरिने पनि उनले जानकारी दिए ।

जनकपुरधाम उपमहानगरपालिकाले पनि फुटपाथ व्यवसायी व्यवस्थापनको प्रक्रिया अघि बढाइरहेकाले सरकारी प्रक्रिया पूरा हुन समय लाग्ने देखिएपछि तत्काल राहतस्वरूप निजी पहल थालिएको बताइएको छ । यसका लागि शुक्रबार सो स्थलमा सत्यनारायण भगवानको पूजा गरी उदघाटन समेत गरिएको छ ।

# ‘अन्तरराष्ट्रिय सम्बन्ध र कूटनीतिक अभ्यासको महत्त्व बढेको छ’

**काठमाडौँ ।**
सभामुख डोलप्रसाद अर्यालले वर्तमान विश्व परिवेशमा अन्तरराष्ट्रिय सम्बन्ध र कूटनीतिक अभ्यासको महत्त्व झन् बढ्दै गएको बताएका छन् । नेपाल विश्व सम्बन्ध परिषद्को ७८औँ वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा उहाँले नेपालको अन्तरराष्ट्रिय सम्बन्धका मुख्य आधारस्तम्भहरूमा आधारित रहेर राष्ट्रिय हितको संरक्षण एवं प्रवर्द्धन, आर्थिक कूटनीति र विकास गर्नुपर्नेमा जोड दिए ।

सभामुख अर्यालले परिषद्ले राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्याउँदै वैदेशिक नीति निर्माण, अनुसन्धान, बौद्धिक बहस तथा नागरिक सहभागिताको प्रवर्द्धनमार्फत नेपालको अन्तरराष्ट्रिय पहिचान सुदृढ बनाउन उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको उल्लेख गरे ।

‘विश्वव्यापी रूपमा नेपाललाई कूटनीतिक र सांस्कृतिक सम्बन्धहरूलाई थप सुदृढ बनाउने, पर्यटन क्षेत्रमा दिगो विकास र संरक्षण सुनिश्चित सवल कूटनीतिक अभ्यास गर्नुपर्ने हुन्छ,’ उनले भने, ‘आजको विश्व परिवेशमा हामीले अनेकौँ चुनौती र अवसरहरूको सामना गरिरहेका छौँ । विश्वव्यापी महामारीको प्रभावले यात्रा, पर्यटन र सम्पदाको संरक्षणमा नयाँ चुनौतीहरू सृजना गरिरहेको छ ।’

असंलग्न नीतिका आधारमा रहेर हाम्रो राष्ट्रिय पहिचान र विश्वसामु नेपालको सकारात्मक छवि निर्माण गर्न अवलम्बन गर्ने कूटनीतिले ठूलो भूमिका खेल्न सक्ने बताउँदै सभामुख अर्यालले विश्व कूटनीतिक सम्बन्धहरूलाई अझ सुदृढ बनाउँदै नेपालको आर्थिक समृद्धि समुन्नत समाज निर्माणका लागि अन्तरराष्ट्रिय सम्बन्धलाई अझ दरिलो बनाउन आवश्यक रहेकामा जोड दिए ।

कार्यक्रममा परराष्ट्रमन्त्री शिशिर खनालले परिषद्ले स्थापनाकालदेखि नै शैक्षिक क्षेत्र र सरकारका व्यावहारिक नीति निर्माण तहबीचको प्रमुख सेतुका रूपमा कार्य गर्दै आएको बताउँदै प्रशंसा गरे ।

संयुक्त राष्ट्रसङ्घमा नेपालको सदस्यता तथा असंलग्न आन्दोलनको विकासको प्रारम्भिक चरणमा परिषद्ले विश्व समुदायमा नेपालको स्थानबारे बहस र विचारविमर्श गर्ने महत्त्वपूर्ण मञ्च प्रदान गरेको उनको भनाइ थियो ।

‘अहिले विश्व अनेकौँ सङ्कटहरूको सङ्गमबाट गुज्रिरहेको छ, यस्ता चुनौतीहरू जसको समाधान कुनै एक राष्ट्रले मात्र गर्न सक्दैन,’ उनले भने, ‘जलवायु सङ्कटदेखि विश्वव्यापी आपूर्ति शृङ्खलाको अवरोध र ऊर्जा सुरक्षाका चुनौतीहरूसम्म, नेपालले आफ्नो सार्वभौम अखण्डता कायम राख्दै आफ्नो अर्थतन्त्रलाई विश्व बजारसँग कसरी एकीकृत गर्ने भन्ने मार्ग खोज्नुपरेको छ ।’

आजको विदेश नीति केवल उच्चस्तरीय सम्मेलन र औपचारिक वार्तामा सीमित नरहेको उल्लेख गर्दै मन्त्री खनालले आम नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष सम्बन्धित रहेको र यो हाम्रा आप्रवासी श्रमिकहरूको सुरक्षा र सम्मानसँग समेत सम्बन्धित रहेको बताए ।

उनले मन्त्रालय परिषद्को प्रयास र गतिविधिहरूलाई सहयोग गर्न प्रतिबद्ध रहेको उल्लेख गर्दै विदेश नीति तथा कूटनीतिसम्बन्धी सुझाव र योगदानलाई उच्च मूल्याङ्कन गर्ने बताए । ‘परिषद्का सदस्यहरूको ज्ञान र अनुभव राष्ट्रिय सम्पत्ति हो, जसको उपयोग हामी निरन्तर रूपमा गर्न चाहन्छौँ,’ उनले भने ।

परिषद्का अध्यक्ष डा सुरेश मल्लले करिब आठ दशक लामो गौरवपूर्ण इतिहास बोकेको स्वतन्त्र तथा गैरराजनीतिक चिन्तन केन्द्रको रूपमा परिषद्ले अन्तरसंवाद, बहस, अनुसन्धान तथा नीतिगत सुझावका लागि एक महत्त्वपूर्ण मञ्चका रूपमा स्थापित हुँदै आएको बताए ।

‘यस संस्थाले नेता, कूटनीतिज्ञ, प्राज्ञ, नीति निर्माता तथा विज्ञहरूलाई नेपाल र विश्वसँग सम्बन्धित महत्त्वपूर्ण विषयहरूमा विचार आदानप्रदान गर्ने विशिष्ट अवसर प्रदान गर्दै आएको छ,’ उनले भने, ‘परिषद् नेपालका राष्ट्रिय हितहरूको प्रवर्द्धन गर्दै राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा शान्ति, स्थायित्व र समृद्धिका लागि योगदान पुर्याउन निरन्तर प्रतिबद्ध रहेको छ ।’

आजको विश्व तीव्र परिवर्तनबाट गुज्रिरहेको उल्लेख गर्दै अध्यक्ष मल्लले विश्वको एक भागमा हुने घटनाले अर्को भागलाई प्रत्यक्ष प्रभाव पार्ने अवस्था सृजना भएको अवस्थामा मानवताको हितका लागि जारी युद्ध र द्वन्द्वको अन्त्य अपरिहार्य भएको बताए ।सोही अवसरमा परिषद्द्वारा प्रकाशित जर्नल पनि विमोचन गरिएको थियो । यस वर्षको जर्नलमा ‘अन्तरराष्ट्रिय परिदृश्य र यसको नेपालमाथिको प्रभाव’ विषयमा आधारित १९ वटा लेखहरू समावेश गरिएको छ ।

# महिलाको प्रतिनिधित्व बढाएर ५० प्रतिशत पुऱ्याउनुपर्ने माग

**काठमाडौँ ।**
२०८२ भदौमा भएको जेन्जी प्रदर्शनपछि सम्पन्न प्रतिनिधिसभा निर्वाचनमार्फत बनेको बलियो सरकारले महिलाको प्रतिनिधित्व बढाएर ५० प्रतिशत पु¥याउनुपर्ने माग गरिएको छ ।

शुक्रबार सञ्चारिका समूह नेपालको आयोजना र संयुक्त राष्ट्र सङ्घीय जनसंख्या कोष (यूएनएफपिए) को सहयोगमा ‘लैङ्गिक समानता प्रवर्द्धन तथा लैङ्गिक हिंसा अन्त्यका लागि आगामी रणनीतिक’ विषयमा अन्तरक्रिया कार्यक्रममा सहभागीले हरेक क्षेत्रमा महिलाको प्रतिनिधित्व बढाएर विश्वमा नमूना प्रस्तुत गर्नुपर्ने माग राखेका हुन् ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेद्भाव अन्त्यसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय समिति महिलाविरुद्धको विभेद् उन्मूलन कमिटी (सीड)का सदस्यमा बन्दना राणाले नेपालको जेन्जी आन्दोलनले विश्वको ध्यानकेन्द्रित गरेको बताइन् ।

उनले भनिन्, ‘अन्य देशमा जेन्जी आन्दोलन असफल भयो । तर नेपालमा सफलमात्रै भएन, प्रतिनिधिसभा सदस्य निर्वाचन सफल भई नयाँ सरकार गठन भएको छ । अहिलेको बलियो नेतृत्वले महिलाको प्रतिनिधित्वलाई ३३ प्रतिशतबाट बढाएर ५० प्रतिशत पु¥याउनुपर्छ ।’

महिलामाथि हुने हिंसा डिजिटलमा रुपान्तरण भएको समयमा सामाजिक सञ्जालको नियमनमा पत्रकार, वकिल र नागरिक समाजले मुख्य भूमिका निर्वाह गर्नुपर्नेमा उनले जोड दिइन् ।

महिला, कानून र विकास मञ्चका अध्यक्ष एवम् अधिवक्ता सविन श्रेष्ठले लैङ्गिक हिंसा के हो ?, कसरी न्यस्नीकरण गर्न सकिन्छलगायत विषयमा बारेमा सचेतना फैलाउनुपर्ने बताउँदै यौन र प्रजनन् स्वास्थ्यको विषयलाई मुख्य एजेण्डा बनाइनुपर्नेमा जोड दिए ।

नेपाल प्रहरीको तथ्याङ्कअनुसार ९१ प्रतिशत हिंसा चिनजानका व्यक्तिबाट हुने गरेको छ । नेपालमा हुने कुल हिंसाको आधारमा २९ प्रतिशत लैङ्गिक हिंसा हुने गरेको प्रहरीले जनाएको छ । नेपालमा अझै पनि गोप्य रूपमा ‘सरोगेट’ (कुनै व्यक्तिको तर्फबाट अर्को व्यक्तिको कोख प्रयोग गरी बच्चा जन्माउने प्रक्रिया) हुने गरेको अधिवक्ता श्रेष्ठले उल्लेख गरे ।

वरिष्ठ अधिवक्ता मीरा ढुङ्गानाले नेपालमा महिलाका लागि प्रशस्त कानून बनेका भए पनि न्यायको पहुँचमा पीडित पुग्न नसकेका गुनासो गरिन् । उनले भनिन्, ‘कानूनको जटिलताका कारण महिलाहरू अदालत त परै जाओस् प्रहरीकोमा उजुरी दिनसमेत पुग्न सकेका छैनन् । ठूलाठूला अपराधमा पनि महिला मेलमिलाप गर्न बाध्य छन्, यो सबै कानूनी साक्षरताको अभाव हो ।’

# आयोगद्वारा यादव विरुद्ध सर्वोच्चमा पुनरावेदन

**काठमाडौँ ।**
अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालतले गुणस्तर तथा नापतौल कार्यालय वीरगञ्जका तत्कालीन वरिष्ठ निरिक्षक शशिभूषण कुमार यादवसमेतका प्रतिवादीका हकमा गरेको फैसला विरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ ।

गैरकानूनी सम्पत्ति शुक्रबार्रन गरेको अभियोगमा आयोगले यादव विरुद्ध चार करोड ४७ लाख ३४ हजार २ सय १२ रुपैयाँ बराबरको बिगो माग दाबी गर्दै मुद्दा दायर गरेको थियो । मुद्दामा विशेष अदालतले २०८१ असार २३ गतेको फैसलामा आशिंक सफाई दिएको थियो । गैरकानूनी रूपमा शुक्रबार्रन गरेको सम्पत्ति विभिन्न आफन्तहरूका नाममा राखेको पाइएको छ । विशेष अदालतले गरेको फैसलामा चित्त नबुझेको भन्दै आयोगले शुक्रबार सर्वोच्च अदालतमा पुनरावेदन गरेको हो ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेले प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार, थप कारवाहीको माग गर्दै पुनरावेदन गरिएको जानकारी दिए । रासस

# लागुऔषधसहित मकवानपुरका दुई जना पर्सामा पक्राउ



**वीरगंज ।**
वीरगंज–१६, भन्सार मेनगेटस्थित सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा गुल्मले लागुऔषधसहित मकवानपुरका दुई जनालाई पक्राउ गरेको छ ।

टोलीले वीरगंज भन्सार कार्यालयको मेनगेट अगाडि नियमित चेकजाँच गर्ने क्रममा भारतबाट नेपालतर्फ आइरहेको अटोमा सवार मकवानपुर, हेटौँडा–११ सिमलटारका २० वर्षीय सागर घिमिरे र यही ठाउँकी २३ वर्षीया पुजा जिम्बालाई पक्राउ गरेको सूचना अधिकारी सशस्त्र प्रहरी नायव उपरीक्षक मोहन राज निरौलाले बताए ।

उनीहरुका साथबाट ब्राउन सुगर जस्तो देखिने पदार्थ ५ ग्राम र सेतो हिरोईन जस्तो देखिने पदार्थ ०.३४ मिली ग्राम भेटिएकाले थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वडा प्रहरी कार्यालय विर्तामा बुझाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन